बैदेशिक रोजगारीमा जानु नै पर्ने भएमा कानूनी प्रकृया पूरा गरेर मात्रै जाऔं ।।




**यस पुस्तिकाको विषयमा कुनै जिज्ञासा वा सल्लाह सुझाब भएमा सम्पर्क ठेगाना**


| मानव अधिकार मञ्च (हुर्फ) नेपाल | नारी सीप सृजना केन्द्र, (ओस) नेपाल | राष्ट्रिय वातावरण तथा सम विकास समाज (निड्स) नेपाल |
| --- | --- | --- |
| इलाम नगरपालिका ९, इलाम | हेटौडा उपमहानगरपालिका -४, | भिमदत्त नगरपालिका-१८, |
| फोन: ०२७-५२०८००, ५२०९१९ | मित्रनगर, मकवानपुर, बागमति | महेन्द्रनगर कंचनपुर |
| इ.: hurfilam@ntc.net.np, | फोन: ०५७-५२५११५, ५२४२२१ | फोन: ०९९-४१८१०१ |
| info@hurf.org.np | इ.: info@woscc.org.np | ई.:needsmnr2008@gmail.com |
| वेबसाईट: www.hurf.org.np | wosccnepal2049@gmail.com | वेवसाईट: needsnepal.org |
| टोलफ्री नं.: १६६०२७५२१११ | वेबसाइट: www.woscc.org.np | फयाक्स्: ०९९-४१८१५० |
| बाल हेल्प लाईन: १०९८ | | |


**बैदेशिक रोजगारीको सिलशिलामा केही गुनासो भएमा गन्तव्य मुलुकबाट सम्पर्क गर्नको लागि:**

म्यासेन्जर,: बैदेशिक रोजगार बोर्ड ,    ईमेल: info@fepb.gov.np

भाइबर: +९७७ १५९७०००८

टोलफ्री नं.: १६६००१५०००५ मा डाइल गर्न सकिनेछ, भने

देश भित्रबाट : ११४१ मा डाइल गरि सहयोग लिन सकिन्छ ।

सुरक्षित आप्रवासन र स्वरोजगार सम्बन्धि जानकारी पुस्तिका

स्वदेशमै उद्यमी बनौ, समृद्ध नेपाल सुखी नेपाली निर्माणमा हातेमालो गरौं ।

# सुरक्षित आप्रवासन र स्वरोजगार सम्बन्धि जानकारी पुस्तिका



## यस हाते पुस्तक निर्माणको उद्देश्यहरु

लामो राजनैतिक अस्थिरता, मन्द आर्थिक तथा औद्योगिक विकासका कारण स्वदेशमा नै पर्याप्त रोजगारीको अवसर सृजना हुन नसक्दा बर्षेनी लाखौको संख्यामा श्रम गर्ने उमेरको जनसंख्या कामको खोजीमा भारत लगायत अन्य देशहरुमा बैदेशिक रोजगारीमा गईरहेका छन् । यद्यपि स्वदेशमा पनि पर्याप्त साधन, श्रोत र अवसरहरु नभएका होईनन् । यस सन्दर्भमा यस हाते पुस्तिाका प्रकाशनका उद्देश्यहरु निम्न छन् ।

१) स्वदेशमा नै केही गर्न प्रोत्साहन गर्ने, जिविकोपार्जन र उद्यमशिलता तथा स्वदेशमा नै हुनसक्ने सम्भावित अवसरको वारेमा जानकारी गराउने ।

२) बैदेशिक रोजगारीमा जान नै पर्ने भएमा बैदेशिक रोजगारमा जाने प्रक्रिया, कमाएको पैसा सुरक्षित पठाउने प्रक्रिया, सीप र तालिमका अवसर, मौजुदा कानुनी व्यवस्था, क्षतीपुर्ती, सेवा, सुविधा र राहत सम्वन्धमा जानकारी गराउने।

३) मानब बेचविखन तथा ओसारपसार र लैंगिक हिंसामा पर्न सक्ने सम्भावना र बेचविखन तथा ओसारपसार र लैगिक हिंसामा परेमा कानुनी उपचारको प्रक्रिया, दण्ड सजायका वारेमा एकिकृत रुपमा जानकारी गराउने ।

प्रकाशक/सर्वाधिकार:
मानव अधिकार मञ्च नेपाल, ईलाम,
नारी सीप सृजना केन्द्र नेपाल, मकवानपुर र
राष्ट्रिय वातावरण तथा सम विकास समाज नेपाल, कंचनपुर
साझेदार र आर्थिक सहयोग : AWO International र BMZ
प्रथम संस्करण : २१००
प्रकाशन मिति : भाद्र २०७८ (September, 2021)

## हाते पुस्तकको लक्षित वर्ग

क) बैदेशिक रोजगारी (भारत र अन्य मुलुक)मा जाने सम्भावित युवा/युवतीहरु ।

ख) बैदेशिक रोजगारी (भारत र अन्य मुलुक) वाट फर्किएका युवा/युवतीहरु ।

(ग) बैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरु ।

(घ) बैदेशिक रोजगारीको विषयमा चासो राख्ने समुदायका व्यक्तिहरु, सरोकारवालाहरु, स्थानिय सरकार र अन्य ।

AWO International र BMZ सँगको साझेदारीमा सुरक्षित आप्रवासन, मानव वेचविखन रोकथाम, जिविकोपार्जन र उद्यमशिलता विकाससँग सम्बन्धित परियोजना ईलाम, मकवानपुर, कंचनपुर र डोटी जिल्लाहरुमा सञ्चालन भई रहेको छ । यस अन्तरगत, मानव अधिकार मञ्च ईलाम, नारी सीप सृजना केन्द्र नेपाल मकवानपुर, राष्ट्रिय वातावरण र सम विकास समाज नेपाल कंचनपुरको संयुक्त प्रयास र AWO International को आर्थिक तथा प्राविधिक सहयोगमा यो हाते पुस्तिका तयार पारिएको हो ।

# हाम्रो अनुरोध

मानव अधिकार मञ्च नेपाल, इलाम, नारी सीप सृजना केन्द्र, नेपाल, मकवानपुर, राष्ट्रिय वातावरण सम विकास समाज नेपाल, कञ्चनपुर, समतामूलक समाजको निर्माणको परिकल्पनाका साथ क्रियाशील संस्थाहरु हुन ।मानवअधिकारको संरक्षण र सम्बर्धन गर्न क्रियाशील संस्थाहरुले मानव बेचविखन, श्रम शोषण जस्ता विकृति र अपराधहरुका विरुद्धमा सचेतना, खबरदारी, पीडितहरुलाई सहायता गर्दै आइरहको छ । आफ्नो ज्ञान, सीप र चल अचल सम्पत्तिको (घर तथा जग्गा जमीन) प्रयोगबाट केही गर्न नसकिने निचोड, देखासिकी, ऋण आदिले विदेशीने सपना बोकेका युवाहरुको जमात, त्यस्तै व्यक्तिबाट गरिखाने बाटो देखेर उनीहरुलाई प्रलोभनमा पार्नेहरुको जमातबाट तिनै युवाहरु ठगिने काम भईरहेको छ । प्रकृया पूरा नगरी, ऋण लिएर विदेशीएका धेरै नेपालीहरु जेलमा रहनु परेको छ, कतिले कमाउन सकिरहेका छैनन्जसको पीडा परिवार र समाजले पनि खप्नु पर्ने अहिलेको नियति छ । यसकालागि के गर्न सकिन्छ भन्ने बहस अगाडि बढ्यो । स्वदेशमा नै केही गर्न चाहने, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुमा हौसला, स्थानीय साधन श्रोतको परिचालन, उद्यमशीलता जस्ता सीपहरुको विकासबारे जानकारी दिन सके आफैं पनि रोजगारी सृजना गर्न सकिन्छ । साथै विदेश जान चाहनेलाई कानूनी र सुरक्षित बाटोबाट जाने तरिका र प्रकृयाका बारेमा बुझाउन सके, वैदेशिक रोजगारीलाई सुरक्षित र सुसूचित बनाउन सकिन्छ भन्ने निष्कर्षका साथ समुदायमा सुरक्षित आप्रवासन, मानव बेच बिखन रोकथाम र उद्यमशीलता सम्बन्धी सचेतना फैलाउने, युवा क्षमता विकास गर्ने योजना सहितको परियोजना ईलाम, मकवानपुर, डोटी र कञ्चनपुर जिल्लाहरुमा सञ्चालन गर्न सुरु गरियो । यसै सन्दर्भमा, मानव अधिकार मञ्च नेपाल, नारी सीप सृजना केन्द्र नेपाल, राष्ट्रिय वातावरण सम विकास समाज नेपालको संयुक्त प्रयासमा AWO International को आर्थिक र प्राविधिक सहयोगमा स्वदेशमा नै केही गर्न चाहने, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमशीलताको सीपमार्फत स्थानीय साधन श्रोतको परिचालन गर्दै स्वरोजगार कसरी बन्न सकिन्छ, साथै वैदेशिक रोजगारीलाई सुरक्षित र सुसूचित बनाउदै मानव बेच बिखन रोकथाम गर्ने उद्धेश्यले निर्माण गरिएको हो । आम युवा, आम पाठकहरुमा मौलिक सीप र प्रविधिको प्रयोग गर्दै स्थानीय स्तरमा स्वरोजगार बन्न पनि सहयोगी हुने हुँदा अध्ययनको लागि अनुरोध गर्दै यसलाई अध्ययन गरेर सदाझैं रचनात्मक सुझावका लागि आम पाठकहरुमा अपेक्षा राख्दछौं । यस हाते पुस्तिका निर्माणको क्रममा योगदान गर्नुहुने तीनैवटा संस्थाका कर्मचारीहरु, र AWO International का कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

| | | |
|---|---|---|
| **सरस्वती बड्तौला** | **कुमारी अन्जु जोसी भट्ट** | **मोहन सिंह थेव** |
| **अध्यक्ष** | **अध्यक्ष** | **अध्यक्ष** |
| **नारी सीप सृजना केन्द्र** | **राष्ट्रिय वातावरण सम विकास समाज** | **मानव अधिकार मञ्च** |
| **नेपाल** | **नेपाल** | **नेपाल** |

# विषयसुची

अनुच्छेद-१: ........ 2
सुरक्षित आप्रवासन सम्बन्धी जानकारी ........ 3
१.१. सुरक्षित आप्रवासन के र किन? ........ 3
१.२. भारतमुखी श्रमिक आप्रवासन ईतिहास र सन्दर्भ : ........ 11
१.३. तेस्रो मुलुकमा रोजगारीमा जादा ध्यान दिनुपर्ने र अपनाउनु पर्ने प्रक्रियाहरु: ........ 13
१.४. असुरक्षित आप्रवासन के हो ? ........ 19
परिच्छेद: २ ........ 23
मानव बेचविखन तथा ओसारपसार ........ 23
२.१. मानव बेचविखन तथा ओसारपसार भनेको के हो? ........ 23
२.२. मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ ........ 25
परिच्छेद: ३ ........ 28
लैङ्गिक समावेशिता/समानता ........ 28
३.१ लैगिक हिँसा के हो? कस्ता घट्नालाई लैगिक हिँसा भएको मानिन्छ? ........ 28
परिच्छेद: ४ ........ 30
जीविकोपार्जन तथा उद्यमशीलता ........ 31
४.१.स्वरोजगार ........ 31
४.२ सफल व्यवसायी बन्न र व्यवसायिक योजना बनाउन आवश्यक प्रक्रिया : ........ 33
४.३ स्थानीय स्तरमै हुन सक्ने जिविकोपार्जनका अवसर, लघुउद्यम/व्यवसायदर्ता र बचतबारे जानकारी ........ 34
४.४ बचत गर्न र वित्तको उचितउपयोग गर्नको लागि वित्तिय साक्षरता ........ 36
परिच्छेद: ५ ........ 39
रोजगारीका अन्य अवसरहरु ........ 39
५.१ रोजगारी ........ 39
५.२. श्रम, रोजगारी र श्रमिक अधिकार सम्बन्धि कानूनी व्यवस्थाहरु ........ 41
५.३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधान ........ 46
नेपाल सरकारले वैदेशिक रोजगारका लागि खुल्ला गरेको देशहरुको नामावली ........ 47
सन्दर्भ सामग्रीहरु ........ 48

# सुरक्षित आप्रवासन सम्बन्धी जानकारी

## १.१. सुरक्षित आप्रवासन के र किन?

### १.१.१. आप्रवासन के हो ?

आप्रवासनलाई स्थानान्तरण पनि भनिन्छ । खास गरेर स्थानान्तरण दुई प्रकारका हुन्छन् । आन्तरिक स्थानान्तरण र बाह्य । हाते पुस्तिकाको सन्दर्भमा हामी बाह्य स्थानान्तरण वा आप्रवासनको कुरा गरिरहेका छौँ । आप्रवासी कामदार र तिनका परिवारको अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिका अनुसार आफ्नो देशको सीमा छोडी काम गर्ने उद्देश्यले अर्काको देशमा अस्थायी रुपमा जानुलाई बाह्य आप्रवासन भनिन्छ ।

### १.१.२. सुरक्षित आप्रवासन के हो ?

वैदेशिक रोजगारी वा कामका लागि नेपाल सरकारले १०९ देश खुल्ला गरेको छ । भारत बाहेकका देशमा वैदेशिक रोजगारीका लागि जान आवश्यक प्रक्रिया र चरणहरु निर्धारण गरिएका छन् । ति चरण र प्रक्रियाहरु पुरा गरेर मात्र वैदेशिक रोजगारीमा गए सिमाना र गन्तव्य देशमा अप्ठ्यारो पर्दैन । कथम्कदाचित् अप्ठ्यारो परिहालेमा पनि नेपाल सरकारले सहजीकरण र सहयोग गर्दछ, जसलाई सुरक्षित आप्रवासन भनिन्छ ।

### १.१.३. किन आप्रवासन सुरक्षित हुन आवश्यक छ ?

क) आप्रवासी कामदारले सिमा नाका र गन्तव्य देशमा सुरक्षा प्राप्त गर्न,

ख) आप्रवासी कामदारको मानवअधिकार, श्रम अधिकारको संरक्षण गर्न र आप्रवासी कामदारको हकहितको लागि,

ग) काम गर्ने वातावरण सृजना गर्न र कामदार मैत्री वातावरण बनाउन,

घ) सम्झौता अनुसारको काम सुरक्षित प्रक्रिया पुरा गरेर जाने हुँदा रोजगारको सिलसिलामा हुन सक्ने शोषण र हिंसावाट मुक्त हुन,

ङ) मानव बेच बिखन तथा ओसार पसारका घटनाहरुबाट बच्न,

च) श्रम र सिप अनुसारको पारिश्रमिक पाउन, कमाएको पैसा सुरक्षित रुपमा स्वदेश भित्र्याउन,

छ) वैदेशिक रोजगारीका बिभिन्न प्रक्रियाको बारेमा सम्भावित आप्रवासी श्रमिकलाई सुसूचित गर्न,

ज) वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन,

झ) दीर्घकालीन रुपमा वैदेशिक रोजगारीको सिलसिलामा हुने ठगी, लुट, शारीरिक,तथा मानसिक हिंसाबाट बच्न आदि ।

## सुरक्षित आप्रवासनका लागि भएका प्रतिवद्धताहरु

क) कोलम्बो प्रोसेस: सन् २००३ मा एसियाका वैदेशिक रोजगारमा श्रमिक पठाउने देशहरुको आप्रवासन व्यवस्थापनका लागि क्षेत्रीय छलफल ।

ख) आबुदाबी डायलग: सन् २००८, अस्थायी श्रम आप्रवासनको लागि श्रमिक पठाउने देश र श्रमिक लिने देश बिचको संवाद ।

ग) १८ औं सार्क शिखर सम्मेलन: सुरक्षित र व्यवस्थित श्रम आप्रवासनका लागि समानता, सुरक्षा र अधिकार संरक्षणका लागि दक्षिण एसिया बाहिरका गन्तव्य देशसँग समन्वय र सहजीकरण ।

घ) सन् २०१६ मा नेपाल सरकारले आयोजना गरेको गोष्ठीमा श्रम आप्रवासनका लागि कार्य योजनाको निर्माण ।

## दिगो विकास लक्ष्यहरु-वर्तमान अवस्था र भावी मार्ग चित्र: २०१६-२०३० ले गरेको व्यवस्थाहरु :

क) बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव तस्करी उन्मूलन गर्न तत्कालीन र प्रभावकारी उपाय अपनाउन ।

ख) आप्रवासी कामदार र खास गरी महिला आप्रवासीको, अनिश्चित वा असुरक्षित रोजगारी भएमा श्रम अधिकारको सुरक्षा गर्न ।

ग) योजनाबद्ध र व्यवस्थित आप्रवासन नीतिहरुको कार्यान्वयन मार्फत मानिसहरुको व्यवस्थित, सुरक्षित, नियमित आप्रवासन र आवतजावतलाई सहज बनाउन ।

## अन्तरराष्ट्रिय महासन्धि १९९०:

संयुक्त राष्ट्रसंघले आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षणका लागि महासन्धि पारित गरेकोछ । नेपालले यस महासन्धिमा हस्ताक्षर गरेको छैन । यो महासन्धि नेपालभित्र लागु हुँदैन तर महासन्धिमा हस्ताक्षर गरेको राष्ट्रमा नेपाली श्रमिकको हकमा भने लागु हुन्छ ।

## १.१.४.अन्तरराष्ट्रिय कानुनले दिएका श्रमिक अधिकार:

**क) कामको अधिकार:**आफुले इच्छाईएको काम गर्न पाउने अधिकार ।

**ख) समान कामका लागि समान ज्याला:** महिला र पुरुषको समान ज्याला ।

**ग) समानताको अधिकारः** लिङ्ग, राष्ट्र, भाषा, जाती, उत्पत्ति आदिका आधारमा भेदभाव गर्न नपाईने ।

**घ) नागरिक सरह अधिकार :** अदालतका काम कारवाहीमा समान नागरिक सरहको समानताको अधिकार ।

**ङ) घुमफिर गर्न पाउने अधिकारः** एक देशबाट अर्को देश वा एक ठाउँबाट अर्को ठाउँमा हिडडुल गर्न पाउने ।

**च) स्वदेश फिर्ताको अधिकारः** हरेक नागरिक स्वदेश फर्कन पाउने अधिकार ।

**छ) स्वच्छ छानबिनको अधिकारः**कुनै प्रकारको अभियोग लागेमा स्वच्छ न्यायिक छानबिन वा पुर्पक्षको अधिकार ।

**ज) कामको सेवा सर्तमा नागरिक सरह अधिकारः** हरेक कामको सेवा सर्तहरुमा श्रमिकलाई सम्बन्धित देशको नागरिक सरहको अधिकार ।

**झ) ट्रेड यूनियन सम्बन्धी अधिकारः** श्रमिकहरुको संगठन, सामुहिक आवाज उठाउन पाउने अधिकार ।

**ञ) साँस्कृतिक अधिकारः** जहा रहे पनि आफ्नो संस्कृति परंम्परा मान्न पाईने र जबरजस्ती अरुको धर्म संस्कृति र परम्परा परिवर्तन गर्न पाइँदैन ।

### १.१.४.१..घरेलु श्रमिक सम्बन्धी महासन्धि (आई. एल. ओ १८९):

कतिपय देशका श्रम ऐनले घरेलु श्रमिकलाई श्रमिक भनेर परिभाषा गर्दैन । यसर्थ घरेलु कामदारलाई माथि उल्लेखित कुनै अधिकार हुँदैन ।

घरेलु श्रमिक सम्बन्धि महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रहरुमा मात्रै घरेलु कामदारलाई श्रमिक सरह अधिकार दिइएको छ । घरेलुश्रमिक सम्बन्धी महासन्धि अन्तरराष्ट्रिय श्रम संगठन (आइ. एल. ओ.) को १०० औं वार्षिक उत्सवको अवसरमा सन् २०११ जुन १६ मा जेनेभामा भएको सम्मेलनले घरेलु कामदारहरुको अधिकार संरक्षणका लागि **घरेलु श्रमिक सम्बन्धी महासन्धि, १८९** पारित गरेको हो । सन् २०११ देखि हालसम्ममा १४ राष्ट्रहरुले यो महासन्धिमा हस्ताक्षर गरिसकेका छन् जसमा **अर्जेटिना, बोलिभिया, कोलम्बीया, कोस्टारिका, इक्वेडर, जर्मनी, गुयाना, इटाली, मौरिसस, निकारागुवा, पाराग्वे, फिलिपिन्स** (हस्ताक्षर गर्ने दोस्रो), **साउथ अफ्रिका, उरुग्वे** (हस्ताक्षर गर्ने पहिला) रहेका छन् । महासन्धिले रोजगारीको रुपमा घरेलु कार्यमा संलग्न कुनै पनि व्यक्तिलाई घरेलु श्रमिक भनिन्छ भनी परिभाषित गरेको छ ।

## १.१.५. सुरक्षित आप्रवासन/वैदेशिक रोजगार सम्बन्धी राष्ट्रिय कानूनहरु :

**क**) नेपालको संविधान, २०७२ को **धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हक**को सुनिश्चित गरेको छ । नेपालको संविधान २०७२ को **धारा ५१** अन्तर्गत राज्यको नीतिको **बुँदा नं. झ श्रम र रोजगार सम्वन्धी नीतिको** व्यवस्था गरेको छ ।

**बुँदा नं. ५ :** वैदेशिक रोजगारीलाई शोषणमुक्त सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने ।

**बुँदा**नं. ६ : वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

**ख**) वैदेशिक रोजगार ऐन २०६४ ले भारत बाहेकको वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन व्यवस्था गरेकोछ । श्रमको हक रोजगारीको हक सम्बन्धी ऐन २०७५ अनुसार **"वैदेशिक रोजगारी"** भन्नाले **नेपाल सरकारबाट श्रम स्वीकृति लिई विदेशमा** काम गर्न गएको अवस्थालाई सम्झनु पर्दछ भनेर परिभाषित गरेको छ

### १.१.५.१. वैदेशिक रोजगार ऐन २०६४ का मुख्य प्रावधानहरुः

**दफा ३**: वैदेशिक रोजगार व्यवसाय गर्ने मुलुक नेपाल सरकारले तोक्ने । अहिले १०९ देशको अनुमति प्रदान गरे पनि १०७ देश खुल्ला गरिएकोछ ।

**दफा ७**: नाबालिकालाई वैदेशिक रोजगारीमा पठाउन नपाईने व्यवस्था छ ।

**दफा ८**: लैङ्गिक विभेद गर्न नपाईने व्यवस्था छ ।

**दफा ९**: महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, विपदमा परेका परिवारका व्यक्तिहरुलाई विशेष आरक्षणको सुरक्षा गर्न सक्ने ।

**दफा १५**: रोजगारीमा पठाउनु पूर्व सम्बन्धित कम्पनीले पूर्व स्वीकृति लिनुपर्ने।

**दफा १६**: स्वीकृति पाएपछि विज्ञापन प्रकाशन गर्नु पर्ने ।

**दफा १७**: मागभई आएको कामदारको योग्यता, तलब सुविधाहरु खुलाई सूची तयार पार्नु पर्ने जस्ता कुराहरुको व्यवस्था गरिएको छ ।

**दफा १९**: भिसा लागि सकेका कामदारको वैदेशिक रोजगार बिभागबाट अन्तिम श्रम स्वीकृति लिनु पर्ने, जसका लागि यी कुरा हुनुपर्ने व्यवस्था छः

क) कुनै कामका लागि आवश्यक तालिम लिनु पर्ने भएको भए तालिम लिएको प्रमाण पत्र र अभिमूखीकरण तालिम लिएको प्रमाण पत्र ।

ख) निरोगिताको प्रमाणपत्र ।

ग) जिवन बीमा गरेको प्रमाणपत्र ।

घ) इजाजत प्राप्त म्यानपावर र कामदार बीच भएको करार सम्झौता ।

ङ) रोजगारदाता संस्था र कामदार बीच भएको सम्झौतापत्र ।

च) कामदारले इजाजतवालालाई तिरेको रकमको रसिद वा वैंक भौचर ।

छ) तोकिए बमोजिमको अन्य कुरा ।

**कागजात पुगेको अवस्थामा ३ दिन भित्र विभागले स्वीकृति दिने र नपुगेका अवस्थामा कारण खुलाई रोक्न सक्ने व्यवस्था छ ।**

**दफा २०**: श्रम स्वीकृति लिएका कामदारहरुलाई तोकिएको मिति वा अवधिमा र अवधि नतोकिएकोमा तीन महिना भित्रमा विदेश पठाईसक्नु पर्ने ।

**दफा २२**: वैदेशिक रोजगारीमा जाँदा स्वदेशी विमान स्थल प्रयोग गर्नुपर्ने ।

**दफा २५**: वैदेशिक रोजगारमा जाने कम्पनी र कामदार बीचको तलव सुविधा र सुरक्षा स्पष्ट गरिएको करार सम्झौतापत्र कामदार र म्यानपावर बीचको सम्झौता अनिवार्य हुनुपर्ने, ती सम्झौता अरु भाषामा भए पनि दुई प्रति नेपाली भाषामा अनुवाद गराई प्रमाणित गरेको हुनुपर्ने । एउटा वैदेशिक रोजगार विभागले राख्ने र अर्को प्रति सम्बन्धित कामदारले राख्नुपर्ने ।

**दफा २६**: वैदेशिक रोजगारीमा जाने कामदारको अनिवार्य जीवनबीमा गर्नुपर्ने।

**दफा २७**: कामदारले अनुमति प्राप्त संस्थाबाट अनिवार्य तालिम लिनुपर्ने।

**दफा ३०**: कामदारले काम अनुसारको सीप तालिम नलिएको भए लिनुपर्ने ।

**दफा ३१**: कामदारको वर्गीकरण नेपाल सरकारले गर्ने उल्लेख गरेको छ ।

**दफा ३२**: कल्याणकारी कोष स्थापनाको व्यवस्था गरेको छ । ३ वर्ष करार अवधिको लागि रु.१५००.०० र ३ वर्ष भन्दा बढि करार अवधिको लागि रु.२५००.०० जम्मा गर्नु पर्दछ ।

**दफा ३३**: कल्याणकारी कोष कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने व्यवस्था गरेको छ। कोषको रकम निम्न प्रयोजनको लागि गरिने प्रावधान रहेको छः

क) वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न ।

ख) कामदारको अङ्गभङ्ग भई वा दफा ७५ को कारणबाट कामदार स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजका परिवारलाई आर्थिक सहयोग प्रदान गर्न ।

ग) वैदेशिक रोजगारमा गएका बेला गम्भीर प्रकृतिको कसुर लागेमा त्यसको बहस पैरवी गर्न ।

घ) कामदारको अधिकार र सम्भावित जोखिमका बारेमा प्रचारप्रसार गर्न।

ङ) वैदेशिक रोजगारीबाट फर्किएका कामदारलाई रोजगारमूलक काम गर्न।

### १.१.५.२. ऐनले तोकिएको काम नगरेमा हुने कसुर र सजायः

**दफा ४३: इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमाः** कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी **लिएको रकम र सोको पचास प्रतिशत**ले हुने रकम हर्जाना बापत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्च समेत भराई निजलाई लिई **तीनलाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म** जरिवाना र **तीन वर्षदेखि सात वर्षसम्म कैद** हुनेछ । विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुनेछ ।

**दफा ४४: इजाजत प्राप्त कम्पनीले स्वीकृति नलिई पठाएमाः** कुनै इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजतपत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी **लिएको रकम र सोको पचास प्रतिशत**ले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई **तीन लाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म** जरिवाना र **तीन वर्षदेखि सात वर्षसम्म कैद** हुनेछ र त्यस्तो इजाजतपत्रवालाको **इजाजतपत्र समेत रद्द** हुनेछ ।

**दफा ४५:** नाबालिगलाई वैदेशिक रोजगारीमा पठाएमा **तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म** जरिवाना र **तीन वर्षदेखि सात वर्षसम्म कैद** हुने व्यवस्था छ ।

**दफा ४६: सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमाः** वैदेशिक रोजगारका लागि कामदार पठाउन नेपाल सरकारले खुला नगरेको

मुलुकमा कामदार पठाएमा वा खुला गरेको मुलुकको प्रवेशाज्ञा लिई खुला नगरेको मुलुकमा पठाएमा त्यसरी कामदार पठाउने इजाजतपत्रवालालाई **तीन लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म** जरिवाना र **तीन वर्षदेखि पाँच वर्षसम्म कैद** हुनेछ । कामदार पठाउन रकम असुल गरिसकेको तर कामदार पठाई नसकेको भए आधा सजाय हुनेछ ।

**दफा ५२: इजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाएमा:** कुनै इजाजतपत्रवालाले दफा २१ को उपदफा (३) विपरीत व्यक्तिगत रुपमा कामदार पठाएमा त्यस्तो इजाजत पत्रवालालाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा इजाजतपत्र रद्द वा दुवै सजाय हुने।

**दफा ५३: प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा:** कुनै इजाजतपत्रवालाले निःशुल्क प्रवेशाज्ञा प्राप्त भएकोमा सो बापतको शुल्क लिएमा वा तोकिए भन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाई त्यस्तो इजाजपत्रवालालाई **एक लाख रुपैयाँ** जरिवाना गर्नेछ ।

**दफा ५५: करार विपरीत कार्य गरे गराएमा:** कुनै इजाजतपत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सो भन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभागले इजाजतपत्रवालालाई **एक लाख रुपैयाँ** जरिवाना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजतपत्रवालाबाट कामदारलाई भराइदिनु पर्नेछ ।

**दफा ५६: मतियारलाई सजाय:**यस ऐन बमोजिमको कसूरमा मतियार हुने वा त्यस्तो कसूर गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई सोही कसूर गरे बापत **हुने सजायको आधा सजाय**हुनेछ ।

**दफा ६०: उजुरी गर्ने हद म्याद सम्बन्धी व्यवस्था:** दफा ४३, ४४, ४५, ४६ र ४७ अन्तर्गत सजाय हुने कसूर गरेकोमा बाहेक यस ऐन बमोजिम सजाय हुने अन्य कुनै कसूरमा, सो भए गरेको मितिले एक वर्ष भित्र उजुर दिनु पर्दछ । तर वैदेशिक रोजगारमा गएको कामदार स्वदेश आइपुगेको मितिले एक वर्ष भित्र उजुर दिन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**दफा ६३: वैदेशिक रोजगार सम्बन्धी मुद्धामा नेपाल सरकार वादी हुने** व्यवस्था छ ।

**१.१.६.नेपाल सरकारले तोकेको वैदेशिक रोजगार प्रक्रिया पुरा गरेर जाँदा, दुर्घटना वा अप्ठेरो पर्दा निम्न क्षतिपुर्ती वा राहतको व्यवस्था छ ।**

¶अंगभंग भई फर्किएका कामदारलाई अवस्था हेरी **सात लाखसम्म** आर्थिक सहायता ।

¶महिला कामदारको हकमा अभिमुखीकरण तालिम वापतको शुल्क शोध भर्ना

¶सुरक्षित गृहको व्यवस्था गरी आवश्यक सहयोग पुऱ्याउने ।

¶उद्यमशील तथा सीपमूलक तालिम सञ्चालन एवं व्यवस्थापन ।

¶महिला कामदारको लागि भने वैदेशिक रोजगार वोर्डले तालिममा लागेको रकम फिर्ता गर्दछ ।

¶वैदेशिक रोजगारीमा रहदा अंगभंग भएमा वा मृत्यु भई फर्किएका कामदारका सन्तानलाई माध्यमिक तह (१२ कक्षा) सम्म अध्ययनको लागि छात्रवृद्धि उपलब्ध गराउदछ ।

¶कोभिड-१९ को कारण अलपत्र परेका नेपालीको उद्धार गरी स्वदेश ल्याउने।

¶मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान गदर्छ ।

¶अङ्गभङ्ग वा अशक्त भई विदेशमा काम गर्न नसकेको कारण नेपाल फर्की निवेदन गर्ने कामदारलाई आर्थिक सहायता प्रदान गदर्छ ।

¶कामदार, ऐनको व्यवस्थानुसार वैदेशिक रोजगारमा गएमा, कामदारको करार अवधिभर निजका परिवारका सदस्यलाई स्वास्थ्य उपचारको लागि एक पटकलाई रु १५ देखि रु ५० हजारसम्म प्रदान गर्दछ।

¶वैदेशिक रोजगारमा गएको कुनै कामदारको मृत्यु भएमा शव झिकाउन सहयोग गर्दछ ।

**१.१.७.वैदेशिक रोजगारमा कुनै दुर्घटना, अंगभंग, मृत्यु वा अप्ठेरोमा पर्दा आर्थिक सहायता वा राहत प्राप्त गर्ने आवश्यक प्रक्रियाहरु :**

¶ वैदेशिक रोजगार प्रक्रिया पुरा गरी गएको प्रमाणित हुनुपर्ने ।

¶ श्रम स्विकृतिको म्याद नसकिएको हुनु पर्ने जस्तै मलेसियाको लागि स्विकृति लिएको ४ वर्ष र अन्य खाडी देशहरुका लागि ३ वर्ष भित्र राहत प्राप्त गर्नका लागि प्रक्रिया सुरु गर्ने ।

¶ स्थानीय निकायबाट तयार गर्नु पर्ने कागजातहरु मृत्युको हकमा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित पत्र(मृतक, हकवाला तथा बालबालिका समेत), जन्मदर्ता (१८ वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा) तथा अविवाहित सिफारिस (अविवाहित भएमा) तयार गर्ने ।

¶ निवेदन तथा श्रम स्वीकृतीको पत्र बाहेक अन्य सम्पूर्ण कागजातहरुको छाँया मा राखिएको सम्बन्धित निवेदनको ढाँचामा निवेदन पेश गर्नुपर्ने र बोर्डको सिफारिसको ढाँचामा आवश्यक सुचना भरी स्थानीय तहबाट सिफारिस बनाई पेश गर्ने ।

¶ नजिकको हकवालाको नाममा खाता खोली बैंकको विवरण सहित खाता नम्बर र बैंकको सिफारिस पनि पेश गर्नुपर्नेछ ।

¶ वैदेशिक रोजगारमा रहदा विरामी वा अंगभंग भएका कामदारले नेपाल आए पश्चात् नेपालको अस्पतालमा जाँच गराउने । जाँच गराएको कागजात वा विरामी भई काम गर्न नसक्ने भई फर्काइएको भन्ने रोजगारदाता कम्पनी वा दुतावासको पत्र अनिवार्य रुपमा लिइ आउनु पर्ने छ र प्रमाणित गराएको कागजात पेश गर्नुपर्नेछ ।

¶ बोर्डमा उपलब्ध ढाँचामा स्वयम् व्याक्ति वा सम्बन्धित स्थानीय सरकार मार्फत कागजात तयार र प्रमाणित गरी स्थानीय सरकारले पेश गर्नु पर्दछ ।

**अन्य थप जानकारीको लागि वोर्डको सचिवालय वा कल सेन्टर ११४१ मा सम्पर्क गर्नु पर्दछ ।**

## १.२. भारतमुखी श्रमिक आप्रवासन ईतिहास र सन्दर्भ :

नेपाल भारत बीचको आप्रवासन खास गरेर बेलायत सरकार (ईष्टईडिया कम्पनी) र नेपाल सरकार बीचमा भएको सुगौली सन्धि पश्चात् औपचारिक रुपमा सुरुवात भएको मानिन्छ । नेपाली तथा भारतीय श्रमिकलाई जान वा आउनका लागि कुनै औपचारिक कागजी प्रक्रिया पुरा गर्नुपर्दैन । खुल्ला सीमानाका कारण लाखौको संख्यामा नेपालीहरु भारतमा श्रमिकको रुपमा काम गर्न जाने गर्दछन् । वैदेशिक रोजगार ऐनले भारतमा काम गर्न जाने नेपाली श्रमिकको सवाललाई सम्बोधन गर्दैन ।

### १.२.१.भारतमा रोजगारीमा जादा ध्यान दिनु पर्ने कुराहरुः

**(क) भारतमा काम गर्न जाँदा हुन सक्ने आम्दानी र स्वदेशमा काम गर्दा गर्न सकिने आम्दानीको विश्लषण गरौं ।**

भारतमा तपाइँ मासिक १० हजार भारु कमाउनु हुन्छ भने त्यसको नेपाली रुपैया १६ हजार हुन्छ । तपाइँले स्वदेशमा आफ्नै समुदायमा नै केही व्यवसाय गरी मासिक ५ देखि ७ हजार कमाउँदा पनि स्वदेशमा गरेको आम्दानी बढी हुन्छ, किनभने घरपरिवारको रेखदेख गर्न पाउनुहुन्छ, सामाजिक कामहरुमा, सहभागी हुन, फुर्सदको समयमा बालबालिकाको पढाईमा सहयोग, आमाबुवाको हेरचाह गर्न पनि पाईन्छ, तपाइँको फोन खर्च, कोठाभाडा वाफतको खर्च पनि बच्छ, घरको स्वच्छ खाना परिवारका सदस्यसँगै बस्न पनि पाइन्छ । यि सम्पुर्ण कुराहरुको पैसामा हिसाब गर्दा स्वदेशमा आफ्नै समुदायमा काम गर्दा बढी फाईदा हुने देखिन्छ त्यसैले भारत जाने निर्णय लिनु अगाडि एक पटक राम्ररी सोचौं र पारिवारिक निर्णय गरौं ।

**(ख) यदि भारतमा काम गर्न जाने नै निर्णय गुर्न भएको छ भने निम्न उल्लेखित तयारी गर्नुहोस् :**

१) आफुमा के सीप र क्षमता छ त्यसको लेखाजोखा गर्ने वा आफू जाने स्थानको निर्क्योल गरी आवश्यकतानुसार आधारभूत तालिम लिने।

२) जानुपुर्व अनिवार्य जीवनबिमा, दुर्घटना बिमा र स्वास्थ्य जीवन बिमा गर्ने।

३) आफ्नो वा आफ्नो परिवारको नाममा संयुक्त बैङ्क खाता खोल्ने ।

४) परिवारको सदस्यसँग कुन ठाँउमा जाने, के काम गर्ने, पैसा कसरी पठाउने, कमाएको पैसाको सदुपयोग कसरी गर्ने योजना बनाउने ।

५) जाने नै हो भने स्थानीय वडा/पालिकाको कार्यालयमा आफु जाने शहर, आफुले गर्ने सम्भावित काम र को मार्फत जाँदै हुनुहुन्छ जस्ता तथ्यांक रेकर्ड गराउने ।

**(ग) भारतमा काम गर्न जाँदा यात्रामा के गर्न हुन्छ के गर्न हुँदैन?**

१) यात्रामा आवश्यक पर्ने रकम आफ्नो साथमा सजिलै आफूले झिक्न सकिने गरी र केहि नगद सुरक्षित रुपमा भित्री खल्तीमा राख्नुहोस।

२) यात्रामा नशालु पदार्थ जस्तै जाँड, रक्सी सेवन नगर्नुहोस् ।

३) परिवारसंग यात्रा गर्दा सबै सदस्यहरुलाई साथमा राख्नुहोस ।

४) आफ्नो परिचय खुल्ने कागजात, नागरिकता, मतदाता परिचयपत्रका साथै भारतका लागि नेपाली दुतावास, महाबाणीज्यदुत वा भारतमा भएका आफ्नो नातेदार तथा साथीभाइहरुको फोन नम्बर राख्नुहोस् ।

५) बस, रेल हवाई टिकट खरिद गर्दा सम्बन्धित काउन्टरबाट मात्र खरिद गर्ने

६) यात्रामा बालबालिका, परिवार साथ मालिएर जाँदै हुनुहुन्छ भने परिचय खुल्ने जन्मदर्ता, विवाहदर्ता जस्ता कानुनी कागजात पनि साथमा लिने साथै आफूले लगाउने लुगामा बिशेष ध्यान दिनुहोस ।

७) यात्रामा अपरिचित व्यक्तिले दिएको खानेकुरा र पिउने पदार्थ सेवन नगर्ने।

**घ) भारतमा काम गर्न पुगी सके पछि निम्न कुराहरुमा ध्यान दिऔं ?**

१) त्यहाँ भएका नेपाली श्रमिकका संघ, संगठन, समुह कहाँ छन् र सम्पर्क व्यक्तिको नाम र सम्पर्क नंम्बर पत्ता लगाउने यदि तपाईंसंग छ भने सम्पर्क गर्ने र सम्पर्कमा बस्ने ।

२) नेपाली दुतावास, दिल्ली र महाबाणिज्यदुतलाई सम्पर्क गरी आफ्नो वस्तुस्थितिबारे जानकारी गराउने ।

३) आफूले गर्ने कामको लिखित नियुक्तिपत्र/करारनामा लिनुहोस् ।

४) कमाएको पैसा सुरक्षित साथ बैङ्क, वित्तीय संस्था तथा मनिट्रान्सफर एजेन्सी मार्फत नेपाल पठाउनुहोस् ।

५) काम गर्ने गन्तव्यमा नशालु पदार्थ जस्तै जाँड, रक्सी सेवन नगर्नुहोस् र वेश्यावृति जस्ता काममा पनि नलाग्नुहोस् ।

६) काम गर्ने कम्पनी, होटल, घरधनी, हाकिम, साहु/मालिकको सम्पर्क नम्बर, ठेगाना र आफूले काम गर्ने पदको बारेमा परिवारका सदस्य र नेपाली दुतावास तथा महाबाणीज्यदुतलाई सम्पर्क गरी टिपाउनुहोस् ।

७) काम गर्न भारत गईसक्नु भएकोछ, मेहनत परिश्रम गरी कमाएर फर्किनुहोस ।

## १.३. तेस्रो मुलुकमा रोजगारीमा जादा ध्यान दिनुपर्ने र अपनाउनु पर्ने प्रक्रियाहरुः

### १. पासपोर्ट (राहदानी) बनाउने

पासपोर्ट बनाउन कम्तिमा ४५ दिनसम्म लाग्न सक्छ । पासपोर्ट बनाउन तोकिएको ढाँचाको निवेदन फाराम, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फोटो सहित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्दछ । यसको लागि

रु. ५,०००/- राजश्य तिर्नु पर्दछ । पासपोर्ट बुझिलिँदा नागरिकतानुसार सबै विवरण ठिक छ छैन जाँच गर्नुपर्दछ ।

**२. म्यानपावर कम्पनीको छनौट गर्ने र रोजगारी प्राप्तिको प्रकृया थालनी गर्ने**

म्यानपावर कम्पनीहरुले सम्बन्धित देशको रोजगारदाताले उपलब्ध गराएको मागको आधारमा श्रम तथा रोजगार कार्यालयबाट स्वीकृतीलिई आवश्यक कामदारको राष्ट्रिय पत्रिकाहरुमा विज्ञापन गरेको हुन्छ । विज्ञापन अनुसार आफ्नो सीपको आधारमा प्रक्रिया(कागजात बुझाउने, अन्तरवार्ता दिने आदि) अगाडि बढाउनु पर्दछ । तपाइँ छनौट भएको अवस्थामा म्यानपावर कम्पनी मार्फत रोजगारदाता कम्पनीले उपलब्ध गराएको अफर लेटर राम्ररी अध्ययन गरी उल्लेखित विषयहरुमा स्पष्ट भएपछि मात्र थप प्रक्रिया अगाडि बढाउदा राम्रो हुन्छ । वैदेशिक रोजगारका लागि खाडीका ६ वटा देशहरु र मलेसियामा निःशुल्क रहने हुँदा (फ्रि भिसा फ्रि टिकट) म्यानपावर कम्पनीले रु. १०,०००.००(दशहजार मात्र) सेवा शुल्क मात्र लिन पाउने सरकारले व्यवस्था गरेकोछ । अन्य शुल्कको विषयमा भने कम्पनी संग स्पष्ट बुझेर मात्र दिनु पर्दछ र भर्पाई लिन भुल्नु हुदैंन ।

**३) स्वास्थ्य जाँच गर्ने ।**




भिसा लिनु पूर्व तपाईंमा कुनै रोग छ कि छैन भनेर जाच्नु पर्दछ । यसको लागि सम्बन्धित देशको दुतावासले तोकेको स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराउनु पर्दछ । स्वास्थ्य संस्थाले तपाईंलाई निरोगी छ भनी प्रमाणपत्र दिएमा तपाइँ वैदेशिक रोजगारीको लागि थप प्रक्रिया अगाडी बढाउन सक्नुहुनेछ । देश अनुसार स्वास्थ्य परिक्षण शुल्क फरक छ तापनि औषतमा रु ४,००० देखि रु ६,००० सम्म शुल्क लाग्न सक्छ । गर्भवती वा कुनै पनि किसिमको दीर्घरोग भएको व्याक्ति वैदेशिक रोजगारमा जानपाइँदैन । गन्तव्य मुलुकमा पुगिसके पछि पनि स्वास्थ्य परिक्षण हुने र कुनै पनि किसिमको रोग पत्तालागेमा स्वदेश फिर्ता पठाईदिन्छ

**४. सम्झौतापत्रमा हस्ताक्षर गर्ने**

म्यानपावर कम्पनी मार्फत सम्बन्धित देशको काम गर्न जाने कम्पनीले उपलब्ध गराएको प्रस्तावपत्र (अफर लेटर) र सम्झौतापत्रमा उल्लेखित सुविधा तथा शर्तहरु मिलेको छ छैन राम्ररी जाँच गर्नु पर्दछ । सुविधा तथा

शर्तहरु स्पष्ट भए पछि मात्र रोजगारदाता कम्पनीसँगको सम्झौतापत्रमा हस्ताक्षर गर्नुपर्दछ । त्यसपछि म्यानपावरकम्पनी मार्फत सम्बन्धित देशको भिसा प्राप्त गर्ने प्रक्रिया शुरु हुन्छ । भिसा शुल्क रोजगारदाता कम्पनीले नै व्यहोर्ने प्रावधानछ । म्यानपावर कम्पनीलाई सेवा शुल्क भुक्तानी गर्दा रसिदलिई सम्बन्धित कम्पनीको लेखाशाखामा भुक्तानी दिनु पर्दछ ।

## ५. अभिमुखीकरण लिने

सरकारले वैदेशिक रोजगारीमा जाने सबैलाई अनिवार्य रुममा वैदेशिक रोजगारी सम्बन्धित ज्ञान दिन २ दिने अभिमुखीकरण कार्यक्रम व्यवस्था गरेकोछ । तपाईं तोकिएको संस्थामागई वैदेशिक रोजगारीमा रहदाँ ध्यानदिनु पर्ने विषयहरुबारे जानकारी दिइन्छ । तपाईंको म्यानपावर कम्पनीले अभिमुखीकरणको लागि सहजीकरण गर्दछ र सहभागीहुन रु.७०० देखि १,००० सम्म शुल्कलिने गर्दछ ।

## ६. बैंक खाता खोल्ने

वैदेशिक रोजगारीमा जाने व्यक्तिले अनिवार्य पायक पर्ने ठाँउको बैंकमा ( विदेशबाट रकम पठाउन मिल्ने) बैक खाताखोल्नु पर्दछ । यदि पहिलनै खाता खोलिएको भए नयाँ खाताखोल्नु पर्दैन । नेपाल सरकारले विदेशमा कमाएको रकम बैंक प्रणाली मार्फत व्यवस्थित गर्न यो प्रावधान २०५७ सालबाट अनिवार्य गरेको छ ।

## ७. बिमा गर्ने




वैदेशिक रोजगारीमा रहदाँ कुनै पनि समयमा दुर्घटना भई मृत्यहुन सक्दछ । त्यस अवस्थामा मृतकको परिवारलाई क्षतिपुर्ति दिलाउन नेपाल सरकारले वैदेशिक रोजगारीमा जाने सबैलाई अनिवार्य रु.२०,००,००० ( बिस लाख) बराबर क्षतिपुर्ति पाउने गरी जीवन बिमा गर्ने व्यवस्था गरेको छ । यस अनुसार अनिवार्य आफ्नो जीवन बिमा गराउनु पर्दछ । बिमा गर्नको लागि रु.४,००० देखि रु. ६,००० सम्म लाग्दछ । बिमाको अवधि मलेशियाको हकमा ३.५ वर्ष र अन्य देशको हकमा बढिमा २.५ वर्षसम्म हुन्छ । बिमा विदेशमा रहेको अवधिको लागिमात्र लागु हुन्छ । वैदेशिक रोजगारीमा जानेको उमेर र रोजगार अवधि अनुसार बिमा शुल्क फरक हुन्छ ।

## ८. श्रम स्वीकृति लिने

नेपाल सरकारले वैदेशिक रोजगरीमा जाने सबैलाई अनिवार्य श्रम स्वीकृती लिनुपर्ने व्यवस्था गरेकोछ । नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम विभाग तथा श्रम तथा रोजगार कार्यालयमा गई श्रम स्वीकृती लिन सकिन्छ । सरकारले श्रम स्वीकृती दिँदा म्यानपावर कम्पनी, रोजगार कम्पनी, भिसा आदिको आधिकारीकर्ता जाँच गरेर मात्र श्रम स्वीकृती दिनेभएकोले तपाईँवैदेशिक रोजगारीमा रहँदा सरकारबाट प्राप्तहुने सुविधाको लागि हकदार हुनु हुन्छ ।पुन श्रम स्वीकृति हरेक प्रदेशको श्रम तथा रोजगार कार्यालय मार्फत पनि लिन सकिन्छ। सबै कागजात र प्रक्रिया पुरा भएमा १ दिनमा श्रम स्वीकृती लिन सकिन्छ । श्रम स्वीकृतीका लागि रु.१,५००/-राजश्व तिर्नु पर्दछ । श्रम स्वीकृती लिन निम्न कागजातहरु आवश्यक पर्दछ जुन म्यानपावर कम्पनीले सहजीकरण गर्दछ ।

- सीप मुलक तालिम प्रमाणपत्र (सीप मुलक रोजगारी भएमा)
- स्वास्थ्य परिक्षण निरोगिताको प्रमाणपत्र
- अभिमुखीकरण लिएको प्रमाणपत्र
- रोजगारदाता कम्पनी र कामदारबीच भएको सम्झौता (करार)पत्र
- कामदारले कम्पनीलाई तिरेको रसिद वा भौचर
- जीवन बिमा गरेको प्रमाण पत्र
- कामदारको बैंक खाताको विवरण (चेकको प्रतिलिपि वा खाता खोलेको प्रमाण)

**अनलाइनबाट पनिश्रम स्वीकृति लिन सकिन्छ ।**

## ९. हवाई टिकट खरिद गर्ने

माथिका सबै प्रक्रिया पुरा भए पश्चात् सम्बन्धित एयरलाईन्स वा ट्राभल्स एजेन्सी वा म्यानपावर कम्पनी मार्फत हवाई टिकट खरिद गर्न सकिन्छ। टिकट खरिद गर्दा सस्तो र भरपर्दो एजेन्सी मार्फत खरिद गर्दा राम्रो हुन्छ ।




## १०. यात्राको तयारी गर्ने

अभिमुखीकरणमा सिकाइए अनुसार सबै कुराको तयारी गर्नुहोस्। रोजगारीमा जाने देशले निशेधित गरिएको वस्तुहरु र

तोकिएको तौलभन्दा बढी समान लैजानु हुँदैन। यात्रा गर्दा भिसा, पासपोर्ट, हवाई टिकट, श्रम स्वीकृती र लेख्नको लागि डटपेन सँगै राख्नु पर्दछ ।उक्त कागजातहरु नेपालको भन्सार कार्यालय, यात्रा गर्ने जहाज र सम्बन्धित देशको भन्सार कार्यालयमा देखाउनुपर्ने भएकोले व्यवस्थित ढंगले राख्नु पर्दछ ।सबै कागजातहरुको फोटोकपि एक एक प्रति घरपरिवारलाई दिनु पर्दछ र महत्त्वपूर्ण सम्पर्क नम्बरहरु साथैमा राख्नु पर्दछ ।

## ११. गन्तव्य मुलुकमा रहँदा ध्यानदिनु पर्ने कुराहरु


बाहिरबाट आउन साथ एसि चलाउनु हुदैन

Áसमय समयमा घरपरिवारसँग सम्पर्क गर्नु पर्दछ ।

Áनिषेध गरिएका वस्तु सेवन गर्नु हुँदैन ।

Áगन्तव्य देशमा पुगेको २ महिनाभित्र कम्पनीबाट स्वास्थ्य परीक्षण गराइन्छ । सो समयमा रोग देखिएमा कम्पनीले फिर्ता पठाउन सक्छ ।

Áकाम छोडी आफू खुशी अन्यत्रजानु हुँदैन र नियमहरु पालना गर्नुपर्दछ ।

Áवर्क पर्मिट तथा प्रवेशाज्ञाको म्याद सकिना साथ तत्काल नवीकरण गर्ने ।

Áबाहिरबाटआउन साथ एसि चलाइ बढी चिसोमा बस्नु हुँदैन ।

Áदुतावास, श्रम सहचारी र विभिन्न सामाजिक संघसंस्थाको सम्पर्क नम्बर राख्नु पर्दछ। राहदानीको म्याद सकिएमा नेपाली दुतावासमा सम्पर्क गर्ने।

Áकाम गर्ने देशको कानून र ट्राफिक नियमको पालना, भाषा, धर्म संस्कृतिको सम्मान गर्नुपर्छ ।

Áझैभगडा र लागु पदार्थ तथा मादक पदार्थ सेवन गर्नु हुँदैन ।वेश्यावृति जस्ता काममा पनि नलाग्नुहोस्

Áकतिपय खाडी मुलुकहरुमा कफला प्रथा भएकोले कामदारले सम्झौतामा भन्दा बाहेक कम्पनी परिवर्तन गर्न मिल्दैन,गरेमा गैह्र कानुनी हुन्छ ।

Áकुनै किसिमको स्वास्थ्य समस्या परेमा रोजगारदातासँग सरसल्लाह गरी जाँच गर्नुपर्छ ।



### १.३.१.वैदेशिक रोजगारमा जानु भन्दा अगाडी ध्यान दिनुपर्ने कुराहरु:

Áसबै भन्दा पहिले स्वदेशमै रोजगारीको खोजी र संभावनावारे विचार गर्नु पर्दछ ।

Á सीप तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जाने ।

Á घर परिवारसँग सरसल्लाह र पारिवारको जीविकाको व्यवस्था गर्नु पर्दछ ।

Á खर्चको व्यवस्थापन-औपचारिक निकाय-वैङ्क, सहकारी वा अनौपचारिक निकाय मार्फत गर्नु पर्दछ । परिवारीक सरसल्लाह

Á बालबालिकाको शिक्षा तथा स्वास्थ्यको रेखदेखको पुर्ण व्यवस्थापन गर्नु पर्दछ ।

Á दुतावासबाट प्रमाणित नभएको व्यक्तिगत स्वीकृतिबाट वाभिजिट भिसा ( visit visa) मा जानु हुँदैन ।

Á सरकारले वैदेशिक रोजगारीका लागि खुला गरेको देश र स्वीकृत गरेको रोजगारीको जानकारी लिने (वैदेशिक रोजगारी वोर्डको वेबसाईट) ।

Á कारणवस विदेशको विमान स्थल प्रयोग गर्नु पर्ने भएमा व्यवसायीले वैदेशिक रोजगार विभागको स्वीकृति लिएको यकिन गर्नुपर्दछ । आवश्यक कागजात सीमानाकामा देखाउनु पर्दछ र व्यवसायीको आधिकारिक प्रतिनिधि साथै हुनु पर्दछ ।



### १.३.२. विदेशबाट रकम कसरी पठाउने

सुरक्षित रुपमा बैङ्क, रेमिटेन्स वा वित्तिय संस्था मार्फत मात्र पैसा पठाउनु पर्दछ, व्यक्ति र हुण्डीबाट पठाउनु हुँदैन

### १.३.३. पुनः विदेश जानु परेमाः

ü थप अवधिको सम्झौतापत्र, भिसालिएर विभागबाट श्रम स्वीकृति लिने ।

ü थप अवधिको लागिश्रम स्वीकृतिलिँदा कल्याणकारी कोषमा रु १००० बुझाउनु पर्ने ।

ü बिमाको अवधि सकिएको छ भने पुनः बिमा गर्नुपर्ने

### १.३.४. वैदेशिक रोजगारी र श्रम स्वीकृतिबारे जान्ने सजिलो तरिका




#### १.३..४.१."वैदेशिक रोजगारी" मोवाईल एप्लिकेसन

यस एप्लिकेसनबाट वैदेशिक रोजगारीबारे सुचना, गुनासो, इजाजतप्राप्त संस्थाहरु, अभिमुखीकरण

संस्थाहरु, पूर्ण स्वीकृति लगाएत महत्त्वपूर्ण सम्पर्कहरुका बारेमा आधिकारिक जानकारी लिन सकिन्छ ।

### १.३.४.२.श्रम स्वीकृति जाँच गर्ने तरिका-

यस मार्फत श्रम स्वीकृति भएको भएमाकाम पद, कम्पन्नी, श्रम स्वीकृति मिति, तलब, लागत खर्च, म्यानपावर कम्पनीबारे जानकारी लिन सकिन्छ । मोवाईलको SMS पठाउने ठाउँ PP टाईप गरी एक स्पेस दिई राहदानी नम्बर टाईप गरी ३४००१ मा SMS पठाउने ।

## १.४. असुरक्षित आप्रवासन के हो ?

पूर्व तयारी बिना, वैदेशिक रोजगार ऐन, नियमावली मार्फत तोकिएका निश्चित मापदण्ड पुरा नगरी गरिने, वैदेशिक रोजगार सम्बन्धी प्रक्रिया पुरा नगरी वाविपरित हुने श्रम स्थानान्तरणलाई असुरक्षित आप्रवासनको रुपमा बुझ्न सकिन्छ । असुरक्षित आप्रवासनले बिभिन्न जोखिमहरु निम्त्याउने गर्दछ जस्तै केहि मुख्य जोखिमहरु बुदाँगत रुपमा तल उल्लेख गरिएका छन् :

नागरिकहरु आवतजावत गर्नका लागि देशले आफ्नै कानूनर प्रकृया बनाएका हुन्छन् । उक्तकानून र प्रकृया विपरित एक देशबाट अर्को देशमा जानु असुरक्षित आप्रवासन हो ।

### १.४.१. असुरक्षित आप्रवासनका सम्भावित जोखिमहरुः

क) श्रम शोषणमा पर्न सकिन्छ ।
ख) शारीरिक, मानसिक, यौनिक, लैङ्गिक लगायतका हिंसामा पर्न सकिन्छ ।
ग) मानवअधिकार, श्रमिक अधिकार उलंघन हुने, न्यायिक पहुँच हुँदैन ।
घ) बेचविखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने ।
ङ) गन्तव्य देशमा अंगभंग भएमा, मृत्यु भएमा, औषधी उपचारमा समस्या हुनसक्छ, घरपरिवारले लास झिकाउन अप्ठ्यारो हुन्छ, सहयोग वापत पाउने रकम, वा राहत प्राप्त हुँदैन ।
च) मनोसामाजिक समस्यामा पर्न सकिने ।
छ) गैर कानुनी तवरले बस्नुपर्ने हुँदाकुनै पनि समयमा पक्राउ पर्न सक्ने, जेल जान सक्ने वा स्वदेश फिर्ता गरिदिन सक्छ ।
ज) मानवअधिकार, श्रमिक अधिकार उलंघन हुने, न्यायिक पहुँच नहुने ।
झ) बेचविखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने ।
ञ) सरकारले दिने सेवा सुविधा आदिवाट बञ्चित हुनुपर्ने ।
ट) पारिवारिक र सामाजिक पुर्न स्थापनामा समस्या हुन सक्ने ।

### १.४.२.वैदेशिक रोजगारीका कारण सिर्जना भएका नकारात्मक पक्षहरुः

¶बालबालिकाहरुले उचित अभिभावकत्वको अभावमा गलत सङ्गतमा फस्ने, हिंसामा पर्ने ।

¶वैदेशिक रोजगारीमा रहेको परिवार विशेष गरी महिला सदस्यहरुलाई नराम्रो दृष्टिकोणले हेर्ने, हिंसा गर्ने तथा लाञ्छना लगाउने, चरित्र हत्या गर्ने

¶वैदेशिक रोजगारीकै कारण कतिपय परिवारहरुमा हिंसाको घटना बढेको छ भने परिवारका सदस्यबीच सम्बन्ध बिग्रिएको छ ।

¶वैदेशिक रोजगारीमा जाने क्रममा ठगीमा पर्ने, विदेश पुगेपछि पनि भने अनुसारको काम, तलब नपाए पनि बाध्यताको रुपमा काम गर्नुपर्ने ।

¶वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु आएपश्चात् के गर्ने भन्ने बारेमा तनावमा रहन्छन् पुन फर्किएर विदेशै जानुपर्ने बाध्यता रहेको छ ।

¶फर्किएका विशेषत् महिलाहरुलाई समाजबाट नराम्रो दुष्टिकोणले हेरिने ।

¶कामकै सिलसिलामा अङ्गभङ्ग हुने, बिरामीहुने, साथै मृत्यु हुने भएकाले सम्बन्धित परिवारले ठूलो क्षति बेहोर्नु परेको छ ।

### १.४.३. आप्रवासी कामदार र परिवारमा देखिन सक्ने मनोसामाजिक लक्षण र समस्याहरुः



¶ धेरै रिस उठ्ने ।

¶ सामाजिक रुपमा एक्लोपन महसुस हुने ।

¶ जीवनप्रति निराशा बढ्दै जाने ।

¶ शारीरिक रुपमा कमजोर हुँदै जाने ।

¶ आपराधिक क्रियाकलापमा संलग्न हुने ।

¶ आफ्नो जिम्मेवारीको काममा ध्यान नजाने ।

¶ पिर र तनाव बढ्नाले निंद्रामा समस्या हुने ।

¶ आत्मग्लानी महसुस हुने, आत्मविश्वास कमजोर हुने ।

¶ सामाजिक रुपमा लाज हुने, साथै आफूलाई घरभित्रै राख्ने ।

¶ लामो समय परिवारका सदस्यसँग अलग बस्नुपर्दा एक्लोपना बढ्ने ।

¶ परिवारको सदस्य प्रति माया र विश्वास हराउन सक्छ ।

¶ मदिरा, लागु औषध जस्ता हानिकारक कुराहरुको प्रयोग बढ्न सक्छ ।

¶ आत्महत्याको सोच आउने साथै प्रयास गर्ने ।

## १.४.४.मनोसामाजिक समस्यालाई सम्वोधनका लागि, कस कसले के के गर्न सकिन्छ ?

**क) सम्बन्धित व्यक्ति**

- व्यक्ति वैदेशिक रोजगारीमा हुँदा परिवारमा पर्ने असरको बारेमा जानुपूर्व नै परिवारमा छलफल गर्नु पर्दछ ।
- कुनै पनि व्यक्ति वैदेशिक रोजगारीमा सुरक्षित प्रकृया अपनाएर मात्रजानु पर्दछ ।
- व्यक्तिले आफूलाई के भइरहेको छ चिन्ने र त्यसलाई स्वीकार्ने गर्नुपर्दछ ।
- घरमा सबैसँग बसेर मनलाई रमाइलो बनाउने,आफूलाई व्यस्त राख्ने ।
- मनोपरामर्शकर्ता, मनोविद् अथवा मनोचिकित्सकको सहयोग लिनुपर्दछ ।

**ख) परिवार**

- परिवारमा कुनै काम गर्नुपूर्व आपसी घरसल्लाहकाम बाँडफाँड गर्नु पर्दछ रपरिवारमा एकअर्कालाई बुझ्नुपर्दछ ।
- विदेशको कमाइ र त्यसबाट भएको खर्च हिसाब राख्ने बानी गर्नुपर्दछ ।
- बालबालिकामा पर्न सक्ने असरलाई ध्यानमा राख्ने, उनीहरुको साना साना काममा पनि प्रसंशा गर्ने, उनीहरुको कुरा ध्यान दिएर सुन्ने गर्नुपर्दछ ।

## १.४.५. वैदेशिक रोजगारीमा समस्या परे निम्न निकायहरुमा सम्पर्क गर्न सकिन्छ ।

| कस | संघसंस्थाहरु | सम्पर्क | ईमेल, वेबसाईट,टोल फ्रि |
|---|---|---|---|
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ०१–४२११६७८, ४२११७९१ | www.moless.gov.np |
| २ | सम्बन्धित देशमा रहेको नेपाली दुतावास | | |
| ३ | वैदेशिक रोजगार वोर्ड | १-४७८२६१६ | dofe.gov.np |
| ४ | वैदेशिक रोजगार वोर्डको सचिवालय | ०१४२२०३११, ४२२०४३३) | १६६००१५०००५११४१ |
| ५ | प्रवासी नेपाली समन्वय समिति | ०१-५७०६१०२ | nfo@pncc.org.np |
| ६ | सम्बन्धित जिल्लाका प्रशासन कार्यालय | | |
| ७ | आप्रवासी महिला कामदार समुह | ६६२८६४१४२७ | gaatw@gaatw.org |
| ८ | प्रहरी कार्यालय | १०० | nepalpolice.gov.np |
| ९ | माइती नेपाल | ०१४४९२९०४ | nfo@maitinepal.org |

| | | | |
|---|---|---|---|
| **१०** | मनव अधिकार मञ्च नेपाल, इलाम | ०२७ ५२०८०० | १६६०२७५२१११ www.hurf.org.np |
| **११** | नारी सीप सृजना केन्द्र नेपाल, मकवानपुर | ०५७५२५११५ | info@woscc.org.np |
| **१२** | निड्स नेपाल, कञ्चनपुर/डोटी | ०९९-४१८१०१ | www.needsnepal.org |
| **१३** | द पिपुल्स फोरम | १३४७६९५१०९५ | info@peplesforum.org |

## परिच्छेदः २

# मानव बेचविखन तथा ओसारपसार

## २.१. मानव बेचविखन तथा ओसारपसार भनेको के हो ?

नेपालको मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४अनुसारः

१) कुनैपनि उद्देश्यले मानिस किन्ने वा बेच्ने काम ।

२) कुनै प्रकारको फाइदालिई वा नलिई वेश्यावृत्तिमा लगाउने काम ।

३) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै पनि अंग झिक्ने र

४) वेश्यागमन गर्ने गरेमा मानव बेचविखनमानिनेछ ।

**मानव ओसारपसार भन्नाले** सोही ऐनको दफा ४ को उपदफा २ अनुसारः

क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई बिदेश लैजाने,

ख)वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले

कुनै प्रकारको ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाझ गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धकराखी, नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर वा स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।




नेपालको कानूनले कुनै पनि व्यक्तिलाई आफू बसेको ठाउँ वा आफन्तबाट जबरजस्ती वा कुनै लोभ लालच देखाएर वा संकटको फाइदा उठाएर वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले नेपाल भित्रै वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कामलाई पनि मानव ओसारपसार भनिन्छ ।

### २.१.१ मानव बेचविखन र ओसारपसारका मुख्य स्वरुपहरु :

- वैदेशिक रोजगारीको नाममा हुने बेचबिखन
- भाडाको आमा(सरोगेसी आमा) को नाममा
- विवाहको नाममा

- अनाथलाई पाल्ने नाममा
- धार्मिक हिसाबमा बालबालिका ग्रहण गर्ने वा मान्ने नाममा
- मनोरञ्जनको नाममा
- विपदहरु जस्तै भूकम्प, बाढी पहिरो आएको बेलामा उद्धारका नाममा
- राम्रो नोकरी, उन्नत जीवन जीउने र सुविधा भोगको सपना देखाएर
- छोटो समयमा धेरै धन कमाउन सकिन्छ भनि प्रलोभनमा पारेर

## २.१.२. मानव बेचविखन र ओसारपसारका हुने गरेका कार्यहरुः

- वेश्यावृतिमा लगाउने, यौन शोषण गर्ने ।
- अंगझिक्ने जस्तै मृगौला, आँखा र अन्यअंगहरु झिक्ने बेच्ने ।
- भिक्षु, साधु बनाई विशेषगरी बालबालिकाहरुलाई भिख मगाउने ।
- घरेलु कामदार बनाउने, श्रम शोषण गर्ने ।
- युद्ध वा आन्दोलनहरु, सशस्त्र युद्धमा प्रयोग गर्ने।
- बालबालिकाहरुलाई सर्कसमा काम लगाउने ।
- अश्लिल चलचित्रहरु बनाउन प्रयोग गर्ने ।
- लागु औषधी ओसारपसार गर्ने काममा लगाउने ।
- होटलहरुमा कामदारका लागि अबैधरुपमा राख्ने, दास बनाउने ।
- अबैध भनिएका हातहतियार वा सामग्रीहरुको कारोवारमा लगाउने ।
- घरमै यौन शोषण गर्नका लागि प्रयोग गर्ने ।
- मानवबली दिनका लागि लैजाने ।
- मसाज पार्लरहरु, थेरापी केन्द्रहरुमा यौन शोषण र यौनजन्य कृयाकलापहरु गराउने ।
- व्यक्तिहरुलाई बन्धक बनाउने ।

## २.१.३. मानवबेचविखन र ओसारपसार हुने मुख्य कारणहरु :

अशिक्षा, गरिबी, बेरोजगारी, घरेलु हिंसा, वैदेशिक रोजगारीमा जाने उच्च चाहाना, प्राकृतिक प्रकोपहरु, रोजगारीको अवसर कमहुनु, राजनैतिक अस्थिरता, द्धन्द, र सम्भावित जोखिमहरुका बारेमा कम संवेदनशील हुनु नै मुख्य हो ।

२.१.४.उजुरी गर्ने निकायः

मानव बेचविखन वा ओसार पसार भएको वा भइरहेको थाहा पाएमा नजिकैको प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ । उजुरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा प्रहरीले गोप्य राख्ने कानूनी व्यवस्था छ

## २.२. मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले निम्न कुराको व्यवस्था गरेको छ :

दफा ९: **प्रमाणको भार**: कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेहुन्छ, प्रायः जसो अभियोग लगाउँदा उजुरी गर्ने व्यक्तिले प्रमाण पुर्‍याउनु पर्ने हुन्छ तर यस ऐन अन्तरगतका मुद्धामा अभियोग लागेको व्यक्तिले मैले मानव बेचविखन वा ओसारपसार गरेको छैन भन्ने प्रमाण पुर्‍याउनु पर्दछ ।

### २.२.२. उद्धार सम्बन्धी कार्य:

कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

### २.२.३ दण्ड सजाय सम्बन्धी व्यवस्था :

**मानव बेचबिखन तथा ओसार पसार गरेको प्रमाणित भएमा तपशील बमोजिम दण्ड, सजाय हुन सक्ने व्यवस्था गरेकोछ :**

मानव बेचविखन तथा ओसारपसार गर्ने व्यक्तिलाई अधिकतम २० वर्षसम्म कैद र २ लाख रूपैयासम्म जरिवानाको व्यवस्था रहेको छ यो अपराधको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय ।

यो अपराधबाट आर्जित चल-अचल सम्पत्ति वा सो कार्य गर्न वा गराउनको लागि प्रयोग गरेको वा गर्न दिएको घर, जग्गा वा सवारी साधन समेत जफत हुनेछ ।

अदालतले कसुरदारलाई भएको जरिवानाको ५० प्रतिशत बराबरको रकम निजबाट पीडितलाई क्षतिपूर्ति भराइदिनु पर्दछ । पीडितको मृत्यु भएमा छोराछोरी, छोराछोरी नभएमा आश्रित बाबुआमा र बाबुआमा पनि नभएमा त्यस्तो रकम पुनः स्र्थापना केन्द्रमा जम्मा हुनेछ ।

### २.२.४ सजायको विशेष व्यवस्था:

- सार्वजनिक पदधारण गरेको व्यक्तिले कसूर गरे अरुलाई हुने सजायको २५ प्रतिशत सजाय बढी हुनेछ ।

- हाडनाताको मानिस उपर यस्तो कार्य गरेको भए दश प्रतिशत थप सजाय हुनेछ ।
- झुठा उजुरकर्तालाई सजायखहुन सक्ने- (एकपटक दिएको बयान बिपरित वयान दिए वा अदालतले बोलाएको समयमा नआएमा)
- सूचनाकर्तालाई प्रोत्साहन पुरस्कारको व्यवस्था ।
- कसूर स्वीकार गरी न्यायिकप्रक्रियामा सहयोग गर्नेलाई सजायमा छुट हुनसक्ने (२५ प्रतिशत) ।
- फाइदालिई वा नलिई देहव्यापारमा लगाउनेलाई कसुर अनुसार १० देखि १५ वर्ष सम्म कैद र ५० हजार देखि १ लाख रूपैयासम्म जरिवाना ।
- गैरकानूनी तवरले मानिसको कुनै अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ देखि ५ लाख रूपैयासम्म जरिवाना ।
- देह खरिद गर्नेलाई १ देखि ३ महिनासम्म कैद र २ देखि ५ हजार रूपैयासम्म जरिवाना।

## २.२.५.. नेपालको संविधानको व्यवस्था :

क) धारा २९ को शोषण विरुद्धको हकको बुद्धा नं. ३ मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाईने छैन भनेर उल्लेख गरिएकोछ ।

ख)धारा ३८ मा महिलाको हकको रुपमा महिलाको विशेष अधिकारको व्यवस्था तथा महिला हिंसा विरुद्धको सुनिश्चितता ।

## २.२.६. स्थानीय सरकार सञ्चालन ऐन २०७४को व्यवस्थाः

क)स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२, ग, को ३२ मा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने काम वडाको काम कर्तव्य, र अधिकार भित्र व्यवस्था गरेको छ ।

ख) स्थानीय सरकारले स्थानीय मानवबेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन निर्देशिका वा कार्य विधि बनाउन सक्ने व्यवस्था ।

**स्थानीय सरकारको मानवबेचविखन तथा ओसारपसार नियन्त्रणका लागि काम, कर्तव्य र अधिकारः**

¶ समुदाय सचेतना ।

¶ स्थानीय स्तरमै रोजगारीका अवसरहरु सिर्जना ।
¶ लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानवबेचविखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।

### २.२.६.. मानवबेचबिखन बिरुद्धका अन्तर्राष्ट्रिय कानुनहरु र महासन्धिहरु :

¶ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि,सन् १९७९
¶ मानव व्यापार, बेश्यावृत्ति र शोषणको अन्त्य गर्ने महासन्धि, सन् १९४९
¶ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२
¶ मानव बेचबिखन बिरुद्धको सार्क महासन्धि, सन् २००२
¶ बालअधिकार महासन्धि, सन् १९८९




**मानव बेचविखन तथा ओसार पसार भएको थाहा भएमा १०० (प्रहरी) र बालबालिका खोज तलास केन्द्र १०४ मा सम्पर्क गरौं ।**

## परिच्छेदः ३

# लैङ्गिक समावेशिता/समानता

## ३.१ लैगिक हिँसा के हो? कस्ता घट्नालाई लैगिक हिँसा भएको मानिन्छ?




लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिकवा यौनजन्यक्षतिवा पीडा पुऱ्याउने कार्यहरूलाई जनाउछ । लिङ्गको आधारमा हुने कुन पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्की पूर्ण व्यवहार, दवाव, करकापवा स्वेच्छाचारी रूपमा महिला, पुरुषवा तेश्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि, कार्य यस भित्र पर्छन् ।

### ३.१.१. लैङ्गिक हिंसाबाट को बढी प्रभावित हुने गर्दछ?

लैङ्गिक हिंसाबाट महिला, पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छन् । हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रकृयामा महिलाको कम पहुँच छ । त्यसैगरी श्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरुष प्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ । त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पिडित वा प्रभावित हुने गरेका छन् । तर लैङ्गिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

### ३.१.२. लैगिक समानताका लागि कानुनी व्यवस्थाहरुः

नेपालको संविधानमा समानताको हक, महिलाको हक, लैङ्गिक विभेद विरुद्ध कानुनी व्यवस्थाका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि जस्ता संरचनागत व्यवस्था गरिएको छ । लैङ्गिक विभेदकारी ऐनहरु शंसोधन गरी लैङ्गिक समानताको प्रयास भएको छ ।

- बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन २०७२,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४,
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१,
- घरेलु हिंसा(कसुर र सजाय) ऐन २०६६,

¶ छाउपडी प्रथा उन्मुलन निर्देशिका जारी भएको छ ।

### ३.१.३. लैगिक हिंसा गरेमा कस्तो सजाय हुन्छ?

- कसैले अङ्गभङ्ग हुने गरी वा तेजाव जन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना जस्ता घरेलु हिंसाको कसूर गरेमा त्यस्तालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।
- कसैले उपदफा १ मा लेखिएदेखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- घरेलु हिंसाको कसूरमा सजाय पाईसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।
- कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

### ३.१.४. लैङ्गिक समावेशिता र समानताको लागि सहजीकरण व्यवस्थाहरु :

- लैङ्गिक हिंसा सम्बन्धी उजुरीमा चुस्त-दुरुस्त सेवा प्रदान गर्न प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रहरुको व्यवस्था गरिएको छ
- कानूनी उपचार चुस्त-दुरुस्त नभएमा प्रधानमन्त्री कार्यालयमा स्थापित लैङ्गिक सशक्तिकरण समन्वय इकाइबाट उजुरी व्यवस्थापन र अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

### ३.१.५. लिंग तथा लैङ्गिकता

**लिंग** भन्नाले महिला तथा पुरुष बिचको शारीरिक भिन्नतालाई बुझिन्छ । यो प्राकृतिक भिन्नता हो यो शरीर विज्ञानसँग सम्बन्धित हुन्छ तथा सामान्यतया स्थायी र विश्वव्यापी हुन्छ । लिङ्गले महिला तथा पुरुषको पहिचान दिन्छ । दुईबिच ज्ञानेन्द्रिय फरक हुन्छ (लिङ्ग, अण्डकोष, योनी, पाठेघर), शरीरको हर्मोन फरक हुन्छ (एस्ट्रोजेन र टेस्टोस्टेरोन)। सन्तान जन्माउन शुक्रकीट

पुरुषले मात्रउत्पादन गर्छ । गर्भधारण र बच्चालाई स्तनपान गराउने काम महिलाले मात्रै गर्न सक्छिन् । प्राकृतिक भिन्नता परिर्वतन हुन सक्दैन ।

**लैङ्गिकता** सामाजिक भिन्नता हो । कुनै समाज तथा संस्कृतिले निर्माण/निर्धारण गरेको महिला तथा पुरुषको भूमिका, जिम्मेवारी तथा अपेक्षालाई बुझाउँछ । यो भूमिका, जिम्मेवारी, तथा अपेक्षा मानिसले परिवार, साथी, समुदाय, नेतृत्व, धार्मिक संस्था, विद्यालय, कार्यस्थल, विज्ञापन, तथा आमसञ्चार माध्यम आदिबाट सिक्छन् । यसलाई नियम, कानुन, जातजाति वा व्यक्तिगत आग्रह वा पूर्वाग्रहले पनि प्रभावित पार्छ । यो जैविक वा शारीरिक भिन्नता मात्रै होइन । यो संस्कृति, चालचलन, रीतिरिवाज, धर्म अनुसार फरक पर्छ र समय क्रममा परिवर्तन भइरहन्छ । सामाजिक भिन्नतालाई परिर्वतन गर्न सकिन्छ । समाज वा धार्मिक परम्पराले ल्याएका भिन्नता ठाउँ वा समुदाय वा धार्मिक आस्थाका आधारमा फरक फरक हुन्छन्

महिला र पुरुष भनेको एकै सिक्काका दुई पाटाहरु हुन एउटा पाटाको अभावमा अर्को पाटाको परिकल्पना गर्न सकिदैन त्यसैले एक अर्कालाई भेदभावको दृष्टिकोणले हैन स्नेह र सद्भावको दृष्टिकोणले हेरौं सभ्य समाज निर्माण गरौँ ।



परिच्छेदः ४

# जीविकोपार्जन तथा उद्यमशीलता

हरेक व्यक्तिले कुनै न कुनै काम गर्नु पर्दछ । जीवन धान्न भनेर खान पुग्ने कमाईले मात्रै पनि हामीलाई पुग्दैन । हाम्रो स्वास्थ्य, शिक्षा, विकास, उन्नति र प्रगति, सुविधा र सुलभताको विकासका लागि हामीलाई अर्थोपार्जन गर्नु पर्दछ । यसरी अर्थोपार्जन गर्नलाई निम्न विकल्पहरु गर्न सकिन्छ ।

## ४.१.स्वरोजगार

आफैँले आफैँलाई रोजगार बनाउन आफ्नो परिवारमा रहेको श्रोतहरु के छन् जस्तै जग्गा, जमिन, बनस्पति, पैसाको सदुपयोगले आयआर्जनको स्रोत बनाउनु र आफूले आफूलाई रोजगार बनाउनु हो । यसले दीगो रोजगारी र स्वआर्जन मार्फत मालिकको रुपमा हामीलाई स्थापित गर्दछ ।

### ४.१.१स्वरोजगार बन्नुको महत्त्व

आफ्नो मालिक आफै बन्न सकिन्छ ।
खेर गईरहेको सोत र साधनहरुको उपयोग हुन्छ ।
आयआर्जनको दिगो स्रोत बनाउन सकिन्छ ।
परम्परागत सीपको प्रयोगले नै गर्न सकिन्छ ।
आफ्नो भएको जग्गामा तरकारी, केरा खेती, होम स्टे, बाख्रा, कुखुरा, गाई, बङ्गुर, माछा पालन, कफि खेती जस्ता कृषि तथा पशूजन्यपालन गरेर आम्दानी बढाउनु ।



### ४.१.२. उद्यमशीलता मार्फत व्यवसायिक बन्ने :

उद्यमशीलता विकास एउटा सीप हो जसले हाम्रा श्रोत साधनहरु, सीप, बजार, लगानी, जोखिम जस्ता कुराहरुको बारेमा अध्ययन गर्न र हामीलाई मिल्ने सही व्यवसायको छनौट, व्यवसाय विस्तारको योजना र कार्यान्वयन का लागि आवश्यक पर्ने सीपको विकास उद्यमशीलता सम्बन्धी सीपले दिन्छ।

### ४.१.३ व्यवसायिक बन्न उद्यमशीलता नै किन?

¶ खेर गईरहेको स्रोत र साधनको उपयोग गर्न सिकाउँछ ।
¶ आफैं उद्यमी भई आफ्नै व्यवसाय सञ्चालन गरेर पनि स्वरोजगार बन्दै अरुलाई रोजगारीको अवसर दिन सकिन्छ ।
¶ स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गर्न सिकाउँछ ।

¶ आफ्नो सीप, स्रोत, साधन, परिवेश, बजार, प्रतिष्ठान, पारिवारिक सहयोग, जनशक्ति हेरेर व्यावसाय छनौट गर्न सिकाउँछ ।
¶ लाग्ने लागत, हुने आम्दानीलाई शूक्ष्म रुपमा हेरेर मात्र व्यवसायको छनोट गरी गरिने हुँदा जोखिमकमै मात्र हुन्छ ।
¶ समाजको आवश्यकता परिपूर्ति भई राजस्व वृद्धिमा सहयोग पुर्‍याउँछ ।
¶ निशुल्क रुपमा पाईने स्रोत र साधनको उपयोग गर्न सिकाउँछ ।
¶ मध्यमखालको जोखिम बहनमा जोड दिने हुँदा कम लगानीमा व्यवसाय गरी वित्तको उचित व्यवस्थापन गर्न सिकाउँछ ।
¶ आयआर्जनको दिगो स्रोत बनाउँछ ।
¶ स्व-रोजगारीको अवसर सृजना गर्छ ।
¶ बेरोजगारी समस्या समाधान गर्छ ।



**४.१.४ व्यवसायिक र उद्यमशीलता तालिम कहाँ लिने?**

¶ घरेलु तथा साना उद्योग विकासको कार्यालय
¶ स्थानीय सरकार (MEDPA कार्यक्रम)
¶ विभिन्न संघ सस्थाहरु -लक्षित कार्यक्रमहरु)
¶ CTEVT(अध्ययन अध्यापन र स्तर मापन (Level-1, 2 and 3) गर्न

**४.१.५. नेपाल सरकारको स्वरोजगार कार्यक्रम तथा सेवा सुविधाहरुः**

¶ प्रधानमन्त्री रोजगार कार्यक्रम
¶ स्थानीय सरकारबाट उद्यमशीलता विकास तथा सीप तालिम (MEDPA)
¶ शुलभ व्यावसायिक कर्जा
¶ व्यवसायको स्तर अनुरुप अनुदानका कार्यक्रम
¶ व्यवसायको बिमा
¶ घरेलु तथा CTEVT मार्फत सीपका कार्यक्रमहरु
¶ विभिन्न संघ संस्थाहरुले ल्याएका उद्यमशिलता तथा सीपको कार्यक्रमहरुलाई अनुमति ।

उद्यमशीलता तथा व्यवसायिक योजना र सीप विकास तालिमले श्रम बजारको व्यवस्थापन फराकिलो हुनका साथै वैदेशिक श्रम न्यूनीकरण हुन्छ । स्वरोजगार अभियान र अवसरको बढवा दिन सके व्यक्ति आफैं स्वरोजगार हुन्छन् । अझ श्रम बजारको निर्माण गर्दछ । स्वरोजगार भएपछि श्रम शोषण, बेचविखन जस्ता क्रियाकलापहरु, दलालहरुको पेशामा आफैं न्यूनीकरण हुन थाल्दछ ।सीप स्थानीय श्रोत र साधनमा आधारित हुनु पर्दछ । जसले आफ्नो

पूजींको परिचालन र सम्पत्तिको सदुपयोग गर्न सकोस् । बारी बाँझो राखेर वा बन्दकी राखेर विदेश दुगुर्न भन्दा त्यहि बारीको सदुपयोगको सीप भयो भने दिगो रुपले आत्मनिर्भर बन्दछ ।

## ४.२ सफल व्यवसायी बन्न र व्यवसायिक योजना बनाउन आवश्यक प्रक्रिया :

### ४.२.१. पारिवारिक सल्लाहः

¶के व्यवसाय गर्दा उपयुक्त हुन्छ सरसल्लाह गर्ने ।

¶पारिवारिक सहमति जुटाउने ।

### ४.२.२. व्यवसायको छनौटः

¶बृहत छनौट र सुक्ष्म छनौट

### ४.३.३ बजार विश्लेषणः

¶प्रस्तावित व्यवसायको बजार र जोखिमहरु के छन् पहिचान गर्ने ?

¶प्रतिस्पर्धीहरु कस्ता छन् विश्लेषण गर्ने

### ४.४.४ श्रोत तथा क्षमता आँकलनः

¶प्रस्तावित व्यवसायको लागि आवश्यक र आफुसंग भएको ज्ञान, सीप र श्रोतको आँकलन गर्ने ।

¶आवश्यक तालिम लिने तथा अध्ययन भ्रमण गर्ने ।

### ४.२.५ पारिवारिक व्यवसायिक योजनाः

¶व्यवसाय कहाँ र किन गर्ने, कसरी र कति लगानी जुटाउने, कहिले देखि सुरुवात गर्ने,

¶कस्तो मानवीय श्रोत परिचालन गर्ने, कुन प्रबिधि प्रयोग गर्ने

### ४.२.६ बजार व्यवस्थापनः

¶उत्पादित वस्तु वा सेवाको बजारको पहिचान गर्ने र बिक्रि गर्ने

¶आफै वा कारोवारी/एजेन्ट वा सहकारी मार्फत बिक्रि गर्ने

### ४.२.७ नाफा, नोक्सान विश्लेषण तथा सुधारः

¶ग्राहकको सन्तुष्टी र नाफा/घाटाको अनुगमन तथा विश्लेषण गर्ने,

¶बजार मागको आधारमा वस्तु/सेवामा सुधार र परिमार्जन गर्दै जाने,

## ४.३ स्थानीय स्तरमै हुन सक्ने जिविकोपार्जनका अवसर, लघुउद्यम/ व्यवसायदर्ता र बचतबारे जानकारी राखौँ

### ४.३.१ स्थानीय स्तरमा जिविकोपार्जनका अवसर



क) अहिले नेपाल सरकार मार्फत हरेक स्थानीय तहमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी/काम प्रदान पनि गर्ने गरिन्छ, तपाईँ पनि त्यँहा काम गर्न सक्नुहुनेछ ।

ख) तपाईंको स्थानीय तहमा बिभिन्न संघ/संस्थाले आयआर्जन सम्बन्धि सीपमूलक तालिम सञ्चालन गरिरहेको हुनसक्छ, त्यहाँ सम्पर्क गरौं । जस्तै डोटी र कञ्चनपुरमा निड्स नेपाल, मकवानपुरमा नारी सीप सृजना केन्द्र, ईलाममा मानव अधिकार मञ्च आदि ।

ग) कृषि तथा पशुपालन सम्बन्धी उद्यम गर्नका लागि ३ देखि ५ प्रतिशत वार्षिक व्याजदरमा बिभिन्न बैङ्क मार्फत शुलभकर्जा पाउन सकिन्छ ।

**स्थानीय स्तरमा खेर गईरहेको स्रोत र साधनहरुको उपयोग गर्ने व्यवसायहरु-**

- कृषिजन्य फर्महरु-मौसमी तथा वेमौसमी तरकारी,च्याउ, किवि, कफि, सुपारी, केरा, चिया, अलैंची, अकबरे,फलफूल, फूल लगायतअन्य
- पशु पालन-कुखुरा, बाखा, माछा, बंगुर, गाई पालन,कालिच, टर्कि, बट्टाई, हाँस, मौरी पालन, आदि
- पर्यटन- होम स्टे, होटल व्यावसाय, आदि
- लघु तथा उद्योग उद्योगहरु- डेरी, टपरी उद्योग (सालको पातबाट र सुपारीको पातबाट, काठ उद्योग आदि
- सेवा मूलक व्यवसायहरु
- अन्य- पसल, सवारी चालक, ग्रील, सैलुन, सीकर्मी, डकर्मी, हाउस वेरिङ, मासु पसल, मोबाईल मेकानिक (मिस्त्री) (घडी, मोबाईल, बाईक) लगायत अन्य ।

**सरकारी सुविधा प्राप्त गर्न र व्यवसायको सुरक्षाको लागि तपाईंको व्यवसाय सम्वन्धित निकायमा दर्ता गरी स्थायी लेखा नम्वर (प्यान) लिनुपर्दछ ।**

**४.३.२. व्यवसायको प्रकृति वा पुँजीको आधारमा निम्न निकायमा व्यवसाय दर्ता गर्न सकिन्छ ।**

**क) स्थानीय तहमा उद्योग विकास  शाखा, कृषि विकास शाखा, पशु सेवा विकास शाखामा व्यावसाय दर्ता गर्दा पेश गर्नु पर्ने कागजपत्रहरु**

- व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि,
- प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
- गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- कार्यालयले तोकेको अन्य विवरण तथा कागजातहरु,
- सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो,

**व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-२ मा उल्लिखित ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ । व्यवसाय दर्ताको लागि शुल्क व्यवसायको पूँजी अनुसार फरक फरक हुन्छ ।**

**ख) घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्दा पेश गर्नु पर्ने कागजपत्रहरु**

- नेपाली नागरिकताको प्रतिलिपि सहित स्वंम् उपस्थित हुनुपर्ने,
- सम्बन्धीत स्थानिय तहको सिफरिस,
- उद्योग रहने स्थानको जग्गाको धनी पूर्जाको प्रतिलिपि,
- संधियारको सहमति सहित वडाबाट प्रमाणित सर्जमिन मुचुल्का(सक्कली),
- जग्गाको धनीपूर्जा आफ्नो नाममा नभए सम्बन्धित व्यक्तिको मञ्जुरीनामा,
- भाडामा सञ्चालन गरेको भएमा भाँडा सम्झौतापत्र,
- लगानी र प्रकृति अनुसार व्यवसायिक योजना,
- उद्योग दर्ता फारम “ख” रित पूर्वक भरेको,

**व्यवसायदर्ताको लागि शुल्क व्यावसायको पूँजी अनुसार फरक फरक हुन्छ ।**

**ग) कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गर्दा पेश गर्नु पर्ने कागजपत्रहरु**

- प्रस्तावित कम्पनीको प्रबन्ध पत्र,
- प्रस्तावित कम्पनीको नियमावली,

- पब्लिक कम्पनी भए कम्पनी संस्थापन गर्नु अघि संस्थापकहरु बीच कुनै सम्झौता भएको रहेछ भनी त्यस्तो सम्झौताको प्रतिलिपि,
- प्राइभेट कम्पनी भए सर्बसम्मत सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपि,
- प्रचलित कानून बमोजिम कुनै खास प्रकारको व्यवसाय वा कारोबार संचालन गर्ने कम्पनी दर्ता गर्नु अघि प्रचलित कानून बमोजिम कुनै निकायको पूर्व स्वीकृति वा इजाजत लिनु पर्ने व्यवस्था गरिएको भए त्यस्तो स्वीकृति वा इजाजत पत्र,
- नेपाली नागरिक संस्थापक भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- संगठित संस्था संस्थापक भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र, कम्पनी स्थापना गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय र त्यस्तो संस्थाको स्थापना सम्बन्धी प्रमुख लिखितहरु ।

**आवेदन तोकिएको कानुनी ढाँचामा कम्पनीको रजिस्ट्रारको कार्यालयमा बुझाउनु पर्छ । कम्पनी दर्ताको लागि शुल्क व्यवसायको पुंजी अनुसार फरक फरक हुन्छ ।**

*(स्थायी लेखा नम्बर लिन आन्तरिक राजश्व कार्यालयको अनलाईन सेवा मार्फत फराम भरी आन्तरिक राजश्व कार्यालयमा गई लिन सकिन्छ)*

### ४.३.३ वचत के हो र कसरी गर्न सकिन्छ ?

क) आम्दानी-बचत=खर्च हुनुपर्छ ।

ख) दैनिक/साप्ताहिक अथवा मासिक रुपमा स्थानीय सहकारी, बैङ्कमा बचत गर्ने बानी बसालौ ।

ग) फजुल खर्च कम गरौं, बचत गर्ने बानी बसालौं ।

घ) पारिवारिक आम्दानी, खर्च, बचत र लगानी सहितको वित्तिय योजना बनाउने बानी बसालौं ।

## ४.४ बचत गर्न र वित्तको उचित उपयोग गर्नको लागि वित्तिय साक्षरता

### ४.४.१ वित्तिय साक्षरता के हो?

ü वित्तिय साक्षरता भनेको आफूसँग भएको पैसा वा वित्तको सहि सदुपयोग, बचत, र लगानी गर्न सक्ने ज्ञान अथवा सिप हो ।

- पैसाको सदुपयोग र सही तरिकाले व्यवस्थापन गर्न जान्नु हो ।
- आम्दानी, खर्च, बचत, ऋण, पारिवारिक बजेटको बारेमा आधारभुत सीप र ज्ञान हुनु हो ।
- वित्तीय साक्षरताले सही आर्थिक निर्णय गर्न सक्ने क्षमता बढाउछ ।
- वित्तीय साक्षरताको ज्ञानबाट भविष्यमा वित्त व्यवस्थापनमा सघाउ पुऱ्याउँछ

## ४.४.२ वित्तीय साक्षरताको महत्त्वहरु :

- व्यक्तिहरुको जीवनमा उपलब्ध विभिन्न अवसरको पहिचान गर्न ।
- व्यक्तिहरुलाई पैसाको उचित व्यवस्थापन गर्न ।
- पूँजी निर्माणको लागी स्रोतहरुको पहिचानमा सहयोग गर्न ।
- महत्त्व बुझ्दै आफ्नो सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्न सक्षम बनाउने ।
- थोरै थोरै गरी जम्मा गरेको आफ्नो पैसालाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न सहि र गलत क्षेत्रको पहिचान गरी उपयुक्त क्षेत्रमा लगानी गर्न सक्षम बनाउने ।
- सहज रुपमा परिवारको आर्थिक व्यवस्थापनमा सघाउ पुऱ्याउँछ ।
- विप्रेषणलाई अधिकतम् उपयोगी/सदुपयोग गर्न सहयोग पुग्ने ।
- फजुल खर्च न्यूनीकरण गर्न ।

## ४.४.३ वित्तीय साक्षरताका क्षेत्रहरु

क) खर्च, ख) आम्दानी, ग) बचत र लगानी, घ) बिमा र ङ) ऋण

## ४.४.४ आगमी महिनाको आम्दानी खर्चको नमुना

घरमुलीको नाम.........................

| **आम्दानी** | **रकम** | **खर्च** | **रकम** |
|---|---|---|---|
| कृषिबाट आम्दानी | | खाद्यान्य | |
| पशु, दुध बिक्रीबाट आम्दानी | | शिक्षा | |
| तलब, ज्यालाबाट | | स्वास्थ्य औषधी उपचार | |
| वैदेशिक रोजगाबाट आम्दानी | | लत्ता कपडा | |
| ब्याज आम्दानी | | इातायात इन्धन | |
| घरभाडाबाट आम्दानी | | बिजुली, पानी | |
| | | मोवाईल, रिचार्ज, वाईफाई | |
| | | मनोरञ्जन केबुल टि.भी, | |
| | | बजार घुमफिर | |

| | | | |
|---|---|---|---|
| | | ऋणको व्याज | |
| | | चाडपर्व | |
| | | चुरोट सुर्ती, रक्सी | |
| | | अन्य | |
| **कुल आम्दानी** | | **कुल खर्च** | |
| **जम्मा बचत** | | | |

आम्दानीको स्रोत थोरै भए पनि यसको सहि लेखाजोखाले आफू र परिवारको व्यवस्थापन गर्न सहजै सकिन्छ ।

बैदेशिक रोजगारीबाट नियमित रुपमा आम्दानी भइरहँदा वित्तीय ज्ञानको अभावमा खर्च गर्ने प्रवृत्ति बढ्ने साथै गरिएका खर्चहरुको उचित हिसाब नराख्नाले पारिवारिक बेमेलको अवस्था आएको पाइन्छ । वैदेशिक रोजगारबाट ल्याएको विप्रेशणलाई आम्दानी हुने र सकेसम्म आफू पुनः विदेश फर्कनु पर्ने भए परिवारको वा अन्य कसैलाई रोजगारी हुने क्षेत्रमा लगानी गर्नु पर्दछ । अनावश्यक हुने खर्चमा न्यूनीकरण गर्दै लानु पर्दछ । परिवारका उमेर पुगेका सबै सदस्यहरुले आफूसँग भएको सीप र क्षमता अनुसार इलम  गर्न सके आम्दानीमा वृद्धि हुन्छ ।

परिच्छेदः ५

# रोजगारीका अन्य अवसरहरु

## ५.१ रोजगारी

रोजगारी आयआर्जनको अर्को विकल्प हो । यसका लागि हामीलाई सीपको आवश्यक पर्दछ । रोजगारी वा जागीर वा कुनै प्रकारको श्रम गरी श्रमको मूल्य पाउछौँ भने त्यो रोजगारी हो । रोजगारी प्राय अरुका लागि गर्दछौँ । सरकारी, गैह्रसरकारी, सामुदायिक, नीजि विभिन्न क्षेत्रमा रोजगारीका अवसरहरु छन् ।

रोजगारीलाई सम्झौताका आधारमा २ प्रकारले हेर्न सकिन्छ :

### ५.१.१. अनौपचारिक रोजगारी

अनौपचारिक रोजगारी भनेको मौखिक सम्झौता हुन्छ । धेरै कम्पनीहरु, रोजगारदाता संस्थाहरुले कर्मचारी वा कामदारको रुपमा काम दिने तर लिखित सम्झौता नदिने, नियुक्तिपत्र नदिने हुन्छ । यस्ता कर्मचारीहरु वा कामदारहरु धेरै जसो सेवा सुविधा नपाएको, तलब समयमा नदिएको वा त्यत्तिकै निष्कासन गरिएका जस्ता समस्यामा परेका घटनाहरु धेरै हुन्छन् । नेपालको कानूनले अनौपचारिक रोजगारीलाई निस्तेज गर्ने गरी व्यवस्था गरेको छ । सबै प्रकारका रोजगारीमा रोजगारदाता र कामदारबीच अनिवार्य सम्झौता हुनु पर्ने व्यवस्था कानूनले गरेको छ । नेपाल बाहिर अर्को मूलुकमा जाँदा पनि अनौपचारिक रोजगारीमा जाने व्यक्तिहरुलाई अवैध कामदारको रुपमा लिइन्छ ।

### ५.१.२ औपचारिक रोजगारी :

कानून बमोजिम गरिने रोजगारीलाई औपचारिक रोजगारी भनिन्छ । औपचारिक रोजगारीमा रोजगारदाता र कामदारबीच लिखित सम्झौता हुन्छ जुन कामदारलाई एकप्रतिप्रदान गरिएको हुन्छ । काम गर्ने समय, बिदा, तलब, सेवा सुविधा, सामाजिक सुरक्षा, सञ्चयकोष, उत्पादन जस्ता कुराहरु, तलब भुक्तानी दिने समय, सेवाको अवधि सबै किटान गरिएको हुन्छ । औपचारिक रोजगारीमा अनौपचारिक रोजगारीबाट हुन सक्ने जोखिमबाट बच्न सकिन्छ ।

### ५.१.३. औपचारिक रुपमा रोजगारी गर्दा के के फाईदा हुन्छ?

- ü नेपाल सरकारले सबै कर्मचारीहरुको अनिवार्य स्थायी लेखा नम्बर हुनुपर्ने, बैङ्क खाता मार्फत तलब भुक्तानी गर्नु पर्ने जस्ता व्यवस्था गरेकोले ज्याला नियमित, सम्झौता अनुसार पाउन सकिन्छ ।
- ü आफूले पाउने ज्याला, सेवा सुविधावारे अग्रिम जानकारी हुने ।
- ü सम्झौतामा उन्लेख काममात्र गर्नु पर्ने जसले गर्दा श्रम शोषण नहुने ।
- ü आफूले सहि काम गरे सम्झौता अवधि भर कामबाट निस्कासन हुनु नपर्ने । कामदारको आत्मसम्मान हुने ।
- ü श्रमिक अधिकारको पूर्ण रुपले उपभोग गर्न पाईने ।
- ü श्रम ऐनले तोकेको अनुरुप काम कर्तव्य गर्न पाईने ।

### ५.१.४ सरकारी सेवामा प्रवेश हुनका लागि आधारभुत कुराहरुके के हुन्?

सरकारी सेवाहरुः

### १) निजामती सेवा

निजामती सेवा भनेको के हो ?यसमा के कस्ता सेवाहरु रहेका छन् ?

नेपालको संविधानको धारा २४३ अन्तर्गत स्पष्टीकरणमा “निजामती सेवाको पद”भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ भनी उल्लेख गरिएको छ साथै निजामती सेवा ऐन, २०४९ को दफा ३ बमोजिम गठन भएका सेवालाई निजामती सेवा भनिन्छ । ती सेवाहरु निम्नानुसार छन्

नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा

नेपाल कृषि सेवा

नेपाल परराष्ट्र सेवा

नेपाल लेखा परीक्षण सेवा

नेपाल विविध सेवा

नेपाल इञ्जिनियरिङ्ग सेवा

नेपाल न्याय सेवा

नेपाल प्रशासन सेवा

नेपाल वन सेवा

नेपाल शिक्षा सेवा

**सेवाहरुमा प्रवेश हुन आवश्यक कुराहरु**

नेपाली नागरिकता

पद अनुसारको शैक्षिक योग्यता

फौज्दारी अभियोग नलागेको

मानसिक सन्तुलन नगुमेको

लोक सेवा मार्फत लिखित, मौखिक परीक्षा हुने

उमेरको हद-समान्यतया १८ देखि ३५ वर्षसम्म (महिलाको हकमा ४०वर्ष)

- सहसचिव, उपसचिव र स्वास्थ्य सेवातर्फ १८ देखि ४५वर्ष उमेर

**थप जानकारीका लागि लोक सेवा आयोगको वेबसाईट (www.psc.gov.np)**

**२) सुरक्षा सेवा (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना)**

**सेवाहरुमा प्रवेश हुनआवश्यक कुराहरु**

ü नेपाली नागरिकता

ü शारिरीक तन्दुरुस्ती

ü कम्तीमा ५.३ ईन्च वा सो भन्दामाथि

ü पद अनुसारको शैक्षिक योग्यता

ü फौज्दारी अभियोग नलागेको

ü मानसिक सन्तुलन नगुमेको

ü लोक सेवामार्फत लिखित, मौखिक परिक्षा हुने

ü उमेरको हद- सुरक्षा निकायको लागि १८ दखि २५ वर्षसम्म जनपथ तर्फ (प्रहरी कार्यालय सहयोगी र प्रहरी जवान देखि प्रहरी निरीक्षक (inspector) र १८ देखि ३५ वर्ष उमेर सम्म प्राविधिक तर्फ ( प्रहरी जवान देखि प्रहरी नायव उपनिरीक्षक (DSP)

## ५.२. श्रम, रोजगारी र श्रमिक अधिकार सम्बन्धि कानूनी व्यवस्थाहरु

### क) संवैधानिक व्यवस्थाः

संविधानको धारा ३४ (१)मा  श्रमको हक : प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हकहुनेछ। भनेर श्रम गर्न पाउने अधिकार प्रदान गरेको छ।

### ५.२.१. रोजगारीको हक सम्बन्धी ऐन २०७५ को व्यवस्थाः

सबै नेपाली नागरीकलाई रोजगारीको हक प्रदान गर्न, रोजगारी छनौट गर्ने अवसर, रोजगारीका शर्त, अवस्था र  बेरोजगार सहायताको गर्न ऐन बनेको उल्लेख गरेको छ। रोजगारीको हक सम्बन्धी ऐनले निम्न अधिकारहरु प्रदान गरेको छ :

क) रोजगारीको अधिकारः हरेक नागरिकलाई कानूनको अधिनमा रही उचित श्रम अभ्यास गर्ने अधिकार छ ।

ख) रोजगारीको छनौट गर्ने अधिकार : इच्छा अनुसारको काम छान्ने, योग्यता अनुसारको काम गर्ने, इच्छा अनुसार काम छोड्न पाउने र इच्छा विपरित रोजगारीमा लगाउन वा काम गराउन बाध्य नपारिने अधिकार ।

ग) बेरोजगार सहायताःप्रत्येक बेरोजगारले ऐन बमोजिम सहायता पाउने ।

घ) भेदभाव गर्न नहुनेः कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको बाहेक कसैको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था आदिका आधारमा भेदभाव गर्न नपाईने ।

ङ) रोजगारीबाट हटाउन नपाईनेः कानून बमोजिम बाहेक कुनै व्यक्तिलाई रोजगारीबाट विना कारण हटाउन नपाईने ।

च) रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्नेः संघीय, प्रदेश र स्थानीय सरकारहरुले बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने । यस्ता कार्यक्रमहरुमा महिला, दलित, आर्थिक रुपले विपन्न, शहिद परिवार आदिलाई प्राथमिकता दिनु पर्ने ।

छ) रोजगार सेवा केन्द्र स्थापनाः नेपाल सरकारले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने ।

ज) निवेदनदिनु पर्नेः न्यूनतम रोजगारीका लागि इच्छुक बेरोजगार नागरिकले सेवा केन्द्रमा निवेदन दिनु पर्ने । रोजगार सेवा केन्द्रले बेरोजगारहरुको अभिलेख राख्ने ।

झ) जानकारी दिनु पर्नेः न्यूनतम रोजगारीका लागि निवेदन दिने व्यक्तिले आफ्नै प्रयासबाट अन्यत्र रोजगारी पाएमा सेवा केन्द्रमा सो को जानकारी गराउने ।

ञ) रोजगारदाताहरुको विवरण राख्नु पर्नेः रोजगार सेवा केन्द्रले स्थानीय तहमा भएका रोजगारदाताहरुको विवरण राख्नु पर्ने ।

ट) श्रमिक माग गर्न सक्नेः रोजगारदाताहरुले स्थानीय तहमा आफूलाई आवश्यक पर्ने श्रमिकहरुको योग्यता, क्षमता आदि कुरा उल्लेख गरी रोजगार सेवा केन्द्रमा माग गर्न सक्ने ।

ठ) रोजगार सूचना उपलब्ध गराउने : सेवा केन्द्रले आफ्नो क्षेत्र भित्र आवश्यक पर्ने श्रमिकको अवसर र सूचीकृत बेरोजगारहरुको विवरण रोजगारदाता र बेरोजगारहरुलाई सूचना गर्नुपर्ने ।

ड) बेरोजगार व्यक्तिलाई रोजगार दिनु पर्ने: रोजगारदाताबाट माग भई आएको रोजगारीको अवसरमा सेवा केन्द्रले तोकिएको योग्यता पुगेको बेरोजगारलाई लेखि पठाउने र उक्त व्यक्तिलाई रोजगारदाताले काम लगाउनु पर्ने । रोजगारदाता सरकारी वा नीजि दुवै हुन सक्ने । उक्त कामदारको दैनिक ज्यालादर मन्त्रालयले तोके बमोजिम हुने र रोजगारदाताले लगाएको काम गर्नु पर्ने । निजले तोकेको काम नगरे कामबाट हटाइने र उसको नाम बेरोजगारको सूचीबाट पनि हटाइने ।

ढ) **निर्वाह भत्ता दिने:** रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई काम दिन नसके नेपाल सरकारले तोकिए बमोजिमको शर्तमा निर्वाह भत्ता दिने

**निर्वाह भत्ता पाउने अवस्था :**

क) परिवारको सदश्यले तोकिए बमोजिमको रोजगारी नपाएमा ।

ख) नेपाल सरकारले तोके भन्दा कम वार्षिक आय भएका परिवारलाई ।

ग) परिवारको कुनै सदस्य स्वरोजगार नभएमा ।

घ) परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा ।

## ५.२.२ श्रम ऐन २०७४ को व्यवस्था

**दफा ४ बाधा श्रममा लगाउन नहुने :** बाधा श्रम भन्नाले कुनै पनि व्यक्तिलाई इच्छा नलागेको काम डर, धम्की वा आर्थिक, शारीरिक वा मानसिक रुपमा कारवाही गर्ने त्रासमा राखी गर्न बाध्य पारिने कामलाई बुझाउँछ । ऐनले कुनै प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बाधा श्रममा लगाउन नपाईने भनी व्यवस्था गरेको छ ।

**दफा ५ बालबालिकालाई काममा लगाउन नहुने :** कसैले पनि कानून विपरीत बालबालिकालाई काममा लगाउन पाईने छैन भनी व्यवस्था गरेको छ ।

**दफा ६ भेदभाव गर्न नहुने:** श्रमिकको लिङ्ग, धर्म, जाति, क्षेत्र वा अन्य कुनै पनि प्रकारले श्रमिकहरुलाई भेदभाव गर्न नपाईने भनेर व्यवस्था गरेको छ ।

विशेष सुविधा दिनु पर्ने व्यक्तिहरु जस्तै कामको आवश्यकता अनुसार कुनै व्यक्तिलाई विशेष प्राथमिकता दिनु परेमा, गर्भवती श्रमिकलाई उनको शारीरिक स्वास्थ्य अनुसारको काम लगाउँदा, शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको शारीरिक अवस्था अनुसारको काम र क्षेत्रको व्यवस्था गरेमा अरु सरह नभएता पनि कामलाई भेदभाव भएको वा गरेको मानिने छैन भनेर स्पष्ट व्यवस्था दफा ६ को उपदफा २ मा गरिएको छ ।

**दफा ७ समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने :** लिङ्गको आधारमा पारिश्रमिकमा भेदभाव गर्न नहुने भनेर स्पष्ट पारिएको छ ।

**दफा ८ मा ट्रेड युनियन सम्बन्धी अधिकारः** श्रमिकहरुले कानून बमोजिम संगठन खोल्ने, सदस्यता लिने अधिकार सुनिश्चित गरिएको छ ।

**दफा ९ उपचार प्राप्त गर्न सक्नेः** यस दफाले श्रमिकहरुका कुनै अधिकारहरु प्राप्त नभएमा वा हनन भएमा कानून बमोजिम उक्त अधिकार पाउने कानूनी उपचारको हकलाई सुनिश्चित गरेको छ ।

**.रोजगारीका प्रकारहरु**

श्रम ऐन २०७४को परिच्छेद ३ दफा १०मा रोजगारीलाई यसरी विभाजन गरेको छः

**क) नियमित**ः तल ख, ग, र घ मा भएका रोजगारी बाहेकका अन्य सबै प्रकारका रोजगारीलाई बुझाउँछ भनेर व्याख्या गरिएको छ । तर कामको प्रकृति हेरेर नियमित हो कि होइन भन्ने निर्धारण गरिने छ भनी थप व्यवस्था पनि गरिएको छ । यसले सामान्य रुपमा नियमित रुपमा काम गर्ने कुरालाई बुझाउँदछ ।

**ख) कार्यगत**ः कुनै खास काम गर्न भनेर तोकेर दिएको रोजगारी हो ।

**ग) समयगत**ः निश्चित समय तोकी कुनै काम सम्पन्न गर्न दिएको कामलाई समयगत रोजगारी भनिन्छ ।

**घ) आकस्मिक**ः रोजगारदाताले १ महिनाको अवधिमा ७ दिन वा सो भन्दा कम अवधिमा काम सकिने गरी दिएको रोजगारीलाई आकस्मिक रोजगारी भनिन्छ ।

**ङ) आंशिक**ः कुनै पनि काम जसमा एक हप्तामा ३५ घण्टा भन्दा कम समयका लागि दिइएको रोजगारीलाई आंशिक रोजगारी भनिन्छ ।

**दफा ११**ः आकस्मिक बाहेकका सबै रोजगारीमा रोजगारदाता र श्रमिकबीच लिखित सम्झौता हुनुपर्ने, यस्तो सम्झौतामा कामको समय, पारिश्रमिक, सुविधा र सर्तहरु स्पष्ट हुनु पर्ने जस्ता व्यवस्था गरेको छ ।

**दफा १२** रोजगारदाता र श्रमिकबीच लिखित वा मौखिक सम्झौताका आधारमा श्रमिकले काम सुरु गरेको अवधिदेखि सम्बन्ध भएको मानिने, आकस्मिक बाहेकका रोजगारीमा लिखित सम्झौता वा प्रमाणलाई लिने जस्ता कुराहरु उल्लेख छन् ।

**दफा १३** श्रमिकको परीक्षणकाल बढीमा ६ महिनाको हुने र सो समयमा श्रमिकले सन्तोषजनक काम नगरे निष्कासन गर्न सक्ने तर सो अवधि कटेमा स्वत परीक्षणकाल सकिएको हुने व्यवस्था गरिएको छ ।

**दफा १४** रोजगारदाताको स्वामित्व परिवर्तन भएमा पनि रोजगारी कायम रहने व्यवस्था गरेको छ । (मालिक परिवर्तन भए पनि श्रमिकको रोजगारी यथावत रहने छ ।)

**दफा १५** कच्चापदार्थको अभावमा, वा आपतविपदमा परेर काम रोक्नुपर्ने भएमा कर्मचारीहरुलाई जगेडामा राख्ने र उक्त अवधिको पारिश्रमिक दिने व्यवस्था छ । यसरी जगेडामा बढीमा १५ दिन राख्ने व्यवस्था गरेको छ ।

**दफा १६, १७ र १८** तालिमी र प्रशिक्षार्थी कामदार लगाउन पाउने र उनीहरुलाई श्रमिक सरह व्यवहार गर्ने जस्ता प्रावधानहरु छन् ।

**दफा १९, २० र २१** आंशिक श्रमिकलाई काम गर्न पाउने र अन्यत्र काम गर्न रोक नलगाउने साथै सञ्चयकोष, उपदान र सामाजिक सुरक्षा बापतका योगदानहरु गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**दफा २८** काम गर्ने समय दैनिक ८ घण्टा र हप्तामा बढीमा ४८ घण्टा भन्दा बढी काममा लगाउन नपाईने, बढीमा ५ घण्टामा आधा घण्टा विश्राम दिनु पर्ने र रोक्न नमिल्ने काम भए आलोपालोको व्यवस्था मिलाउनु पर्ने । विचमा दिएको विश्राम पनि कामकै समयमा जोडिने ।

**दफा २९** बढी समय काम लगाउन बाध्य पार्न नपाईने व्यवस्था गरेको छ ।

**दफा ३०** बढी समय काम लगाउने व्यवस्था छ । दिनको बढीमा ४ घण्टा र हप्तामा बढीमा २४ घण्टा भन्दा बढी लगाउन नपाईने उल्लेख छ ।

**दफा ३१** बढी काम गरेको अवधिको पारिश्रमिकको व्यवस्था गरेको छ ।

**दफा ३२** काम गर्ने समयको व्यवस्था गर्नु पर्ने र दफा ३३ मा सूर्योदय अघि र सूर्यास्त पछि महिला कामदारहरुलाई घर पुग्ने यातायातको व्यवस्था गर्नु पर्ने उल्लेख छ ।

**परिच्छेद ८,** दफा ३४ देखि ३९ मा पारिश्रमिक सम्बन्धी व्यवस्था छ । श्रमिकले पारिश्रमिक पाउनु पर्ने, वार्षिक ग्रेड, चाडपर्व खर्च, जगेडा अवधिको तलब पाउने, कानून बमोजिम बाहेक पारिश्रमिक कट्टा गर्न नपाउने व्यवस्था छ ।

**परिच्छेद ९ अन्तर्गत दफा ४० देखि ५१** सम्म बिदा सम्बन्धी व्यवस्था छ । साप्ताहिक, सार्वजनिक, सट्टा, घर बिदा, विरामी बिदा, प्रसुति बिदा,

किरिया बिदा, बिदाको गणना गर्ने साथै सबै बिदा अधिकार नभै सहुलियत हो भन्ने कुरा उल्लेख छ ।

**ऐनको परिच्छेद ९** मा श्रमिकले सञ्चय कोष, उपदान, दुर्घटना बिमा जस्ता बिमाहरु रोजगारदाताले गराउनु पर्ने उल्लेख छ ।

# ५.३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (थ) मा बेरोजगारको तथ्याङ्क संकलन गर्ने, स्वदेशी तथा विदेशी श्रमिकको लागत राख्ने, सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको संकलन तथा व्यवस्थापन गर्ने, रोजगार सूचना केन्द्रको स्थापना, वैदेशिक रोजगारीमा जानेहरुका लागि सीपमूलक तालिम, वैदेशिक रोजगारीमा गई फर्किएर आएकाहरुको सामाजिक पुनःस्थापना, उद्यमशीलताको उपयोग जस्ता कामहरु स्थानीय सरकारको काम, कर्तव्य र अधिकार भित्र राखेको छ ।

## ५.३.१.श्रमिकका अधिकारसँग सम्बन्धित नेपालमा प्रचलित अन्य कानूनहरुः

क) बालश्रम निषेध र नियमन गर्ने ऐन २०५६ र नियमावली २०६२

ख) श्रम नियमावली २०५०

ग) बालबालिका सम्बन्धि ऐन २०७५

घ) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४

च) रोजगारीको हक सम्बन्धी नियमावली २०७५

छ) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

ज) योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

# नेपाल सरकारले वैदेशिक रोजगारका लागि खुल्ला गरेको देशहरुको नामावली

| S.N. | Country | S.N. | Country | S.N | Country |
|---|---|---|---|---|---|
| 1 | Afghanistan* | 38 | Guana | 75 | Nigeria |
| 2 | Albania | 39 | Holy see | 76 | Norway |
| 3 | Algeria | 40 | Hong Kong | 77 | Oman |
| 4 | Argentina | 41 | Hungary | 78 | Pakistan |
| 5 | Armenia | 42 | Iceland | 79 | Panama |
| 6 | Australia | 43 | Indonesia | 80 | Peru |
| 7 | Austria | 44 | Iran | 81 | Poland |
| 8 | Azerbaijan | 45 | Iraq* | 82 | Portugal |
| 9 | Bahrain | 46 | Ireland | 83 | Qatar |
| 10 | Bangladesh | 47 | Israel | 84 | Republic of Korea |
| 11 | Belarus | 48 | Italy | 85 | Republic of Slovak |
| 12 | Belgiam | 49 | Japan | 86 | Rumania |
| 13 | Bolivia | 50 | Jordan | 87 | Russia |
| 14 | Bosnia Herz | 51 | Kazakhstan | 88 | Saipan |
| 15 | Brazil | 52 | Kenya | 89 | Saudi Arabia |
| 16 | Brunei | 53 | Kosovo | 90 | Singapore |
| 17 | Bulgaria | 54 | Kuwait | 91 | Slovenia |
| 18 | Canada | 55 | Laos PDR | 92 | South Africa |
| 19 | Chile | 56 | Latvia | 93 | Spain |
| 20 | China | 57 | Lebanon | 94 | Sri Lanka |
| 21 | Columbia | 58 | Libya* | 95 | Sweden |
| 22 | Cambodia | 59 | Luxemburg | 96 | Switzerland |
| 23 | Congo | 60 | Macau | 97 | Sychelese |
| 24 | Costa Rica | 61 | Malaysia | 98 | Tanzania |
| 25 | Croatia | 62 | Maldives | 99 | Thailand |
| 26 | Cuba | 63 | Malta | 100 | The Philippines |
| 27 | Cyprus | 64 | Macedonia | 101 | Tunisia |
| 28 | Czech Republic | 65 | Mexico | 102 | Turkey |
| 29 | Denmark | 66 | Moldova | 103 | Uganda |
| 30 | Egypt | 67 | Mongolia | 104 | Ukraine |
| 31 | Estonia | 68 | Mauritius | 105 | U A E |
| 32 | Fiji | 69 | Morocco | 106 | USA |
| 33 | Finland | 70 | Mozambique | 107 | Uzbekistan |
| 34 | France | 71 | Myanmar | 108 | Venezuela |
| 35 | Germany | 72 | Netherland | 109 | Vietnam |
| 36 | Great Britain | 73 | New Zealand | 110 | Zambia |
| 37 | Greece | 74 | Nicaragua | | |

***हाल रोक्का गरिएको देशहरु**

## सन्दर्भ सामग्रीहरु


१) नेपालको संविधान, पन्धौं संस्करण, कानून किताव व्यवस्था समिति ।

२) वैदेशिक रोजगार ऐन, २०६४, नेपाल कानून आयोग ।

३) वैदेशिक रोजगार नियमावली ,२०६४, नेपाल कानून आयोग ।

४) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, नेपाल कानून आयोग ।

५) बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, नेपाल कानून आयोग ।

६) श्रम ऐन २०७४, नेपालकानूनआयोग ।

७) मानव अधिकार सम्बन्धी विभिन्न प्रकाशनहरु, मानव अधिकार मञ्च नेपाल ।

८) अन्तराष्ट्रिय महासन्धिहरुसँग सम्बन्धित विभिन्न लेखहरु, मानवअधिकार मञ्च नेपाल ।

९) लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, नेपाल कानून आयोग ।

१०) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, नेपाल कानून आयोग ।

११) नेपाल सरकारले बालबालिकाको अधिकार संरक्षणका लागि जारी गरेका ऐन, नियम र निर्देशिकाहरुको संगालो, चौथो संस्करण २०७४,मानवअधिकार मञ्च नेपाल ।

१२) नेपाल सरकारले जारी गरेका विभिन्न राजपत्रहरु ।

१३) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४, नेपाल कानून आयोग ।

१४) श्रम नियमावली २०७५, नेपाल कानून आयोग ।

१५) बालबालिका सम्बन्धी ऐन २०७५, नेपाल कानून आयोग ।

१६) नेपाल ऐन सङ्ग्रह खण्ड १७, २०७४, कानून किताब व्यवस्था समिति ।

१७) महिलादलित र न्याय:सवालनीति र अभ्यास, २०७४,मानवअधिकार मञ्च नेपाल ।

१८) वैदेशिक रोजगार विभाग, श्रम मन्त्रालय र नेपाल कानून आयोगका वेवसाइटहरु ।

१९) रोजगारीको हक सम्बन्धी ऐन २०७५ ।

२०) रोजगारीको हक सम्बन्धी नियमावली २०७५ ।

२१) योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ ।

२२) दिगो विकास लक्ष्यहरु-वर्तमान अवस्था र भावी मार्ग चित्र: २०१६-२०३० ।

२३) रूपान्तरण सहजकर्ता तालिम पुस्तिका-लैङ्गिकता र सामाजिक समावेशीकरण ।

२४) युवा, रोजगारी र जोखिम: अधिकार, सुरक्षा र विकल्प मानवअधिकार मञ्च ।

२५) www.google.com